**Shreenagar**
**Agritech Industries Ltd.**
ISO 9001:2015 Certified Company


नेपाल सरकार,उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड

रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ४ नेपाल
(सम्पर्क कार्यालय : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, टङ्गाल, वडा नं. २ नेपाल)
फोन नं: ०१-४५१२४०६/४५१२२१६
इमेल : info@safnepal.com वेबसाइट : www.safnepal.com


को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन,२०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.१,६३,१२,५०,०००/- (अक्षरेपी एक अर्ब त्रिसट्ठी करोड बाह्र लाख पचास हजार रुपैयाँ मात्र) को २०% अर्थात रु.३२,६२,५०,०००/– (अक्षरेपी बत्तीस करोड बैसट्ठी लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ३२,६२,५०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये जारी पूँजीको १% अर्थात रु.१,६३,१२,५००/– (अक्षरेपी एक करोड त्रिसट्ठी लाख बाह्र हजार पाँच सय रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको १,६३,१२५ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्र रुपन्देही र पाल्पा जिल्लाका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरी बिक्री वितरण गरिने छ । कम्पनीको जारी पूँजीको १९% अर्थात ३०,९९,३७,५०० (तीस करोड उनान्सय लाख सैत्तिस हजार पाँच सय रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ३०,९९,३७५ कित्ता साधारण शेयरको १०% अर्थात ३,०९,९३८ (तीन लाख नौ हजार नौ सय अड्तिस) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि, ५% अर्थात १,५४,९६९ (एक लाख चौउन्न हजार नौ सय उनान्सत्तरी) कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ४% अर्थात १,२३,९७५ (एक लाख तेइस हजार नौ सय पचहत्तर) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि छुट्टाइएको र बाँकी २५,१०,४९३ (पच्चिस लाख दश हजार चार सय त्रियानब्बे) कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिनेछ । उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, कर्मचारी, सामूहिक लगानी कोष तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरु लागि छुट्याएको शेयर बिक्री नभएमा सर्वसाधारणलाई निष्काशन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ ।

**दरखास्त फारम साथ प्रति साधारण शेयर अंकित मुल्य रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**नेटवर्थ सम्बन्धी तालिका**

| विवरण | वास्तविक | | | अपरिष्कृत आ.व. २०८१/०८२ (आषाढ मसान्त)* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ | आ.व. ०८४/०८५ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्नमूल्याकंन बाहेक) | ९८.७२ | १०१.३३ | १००.५९ | १०२.१३ | १०५.२१ | ११४.८३ | ११९.२४ |
| प्रति शेयर आम्दानी रु. | २.०० | २.८३ | १.१७ | १.६८ | ३.५० | ९.६३ | १३.६१ |
| संचित नाफा/नोक्सान (रु मा) | (२,८६२,१४२) | ३,७८०,८५६ | ५,८८२,५१८ | २१,९४०,७४२ | ५७,०८५,०७१ | १५७,०२०,२५० | २२१,९७९,४९९ |

*लेखापरिक्षकबाट प्रमाणित आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण ।

| आयोजनाको नाम | नेट प्रेजेन्ट भ्यालु (NPV) | इन्टरनल रेट अफ रिर्टन (IRR) | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|
| श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड | ३,४७६,२२०,८३० | २८.२८% | ५.०५ | ६.३९ |

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "विवरणपत्र" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) पृष्ठ नं. ६१ मा प्रस्तुत गरेका छौं ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग(८) (पृष्ठ नं. २४ र २५) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को व्यवस्था र "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१ माघ ०७ गते प्रमाणपत्र प्राप्त गरेको छ । जसले "Issuer with this rating are considered to have high risk of default regarding timely servicing of financial obligations". भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR]D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें +(जोड) वा -(घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ संख्या ५८ मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८१/१०/११ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८२/१०/०६

सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले समेत सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन । यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरुमध्ये कर्मचारीहरुलाई छुट्टयाइएको शेयर तथा संस्थापक शेयर सर्वसाधारणमा बाँडफाँट भएको मितिले ३ (तीन) बर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन । साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन । विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ को उपनियम १ मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले एक बर्षको हुनेछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः२०८२/०४/१३ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०४/२७

**धितोपत्र निष्काशन खुल्ला हुने मिति :**

**पहिलो चरण**

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि |
|---|---|
| निष्काशन खुल्ला हुने मितिः २०८२/०५/११ निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/०५/२५<br>निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/०६/०९ | निष्काशन खुल्ला हुने मितिः २०८२/०५/११ निष्काशन बन्द हुने मिति : २०८२/०५/१५<br>निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/०५/२५ |

**दोस्रो चरणको निष्काशन**

**सर्वसाधारणका लागि**

निष्काशन खुल्ला हुने मिति : २०८२/००/०० निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/००/०० निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/००/००

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक


**NABIL INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
नारायणचौर, नक्साल, काठमाण्डौ । फोनः ४५११६०४/४५११७३३
Email: info@nabilinvest.com.np | URL: www.nabilinvest.com.np

## ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको विवरण

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि., नक्साल, काठमाण्डौलाई सम्झनु पर्छ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद, विक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउंछ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेडलाई सम्झनु पर्छ।

ङ) **"प्रिमियम मूल्य"** भन्नाले धितोपत्रको अंकित मूल्य भन्दा बढी मूल्य सम्झनु पर्छ।

च) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा विक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ।

छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ।

ज) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन** भन्नाले श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ।

ञ) **"साधारण लगानी फिर्ता हुने अवधी"** भन्नाले लगानीको लागत उठाउन लाग्ने आवश्यक समय सम्झनु पर्दछ।

ट) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय सम्झनु पर्दछ।

ठ) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई सम्झनु पर्दछ।

ड) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई सम्झनु पर्दछ।

ढ) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु जनाउँछ।

ण) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

त) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरीद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

थ) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अन्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री सनलाइफ क्यापिटल लिमिटेड, काठमाडौँलाई सम्झनु पर्दछ।

द) **"सि-आस्वा सदस्य"** भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न तथा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्दछ।

ध) **"खुद सम्पत्ति"** भन्नाले नेपाल वित्तिय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरुको कुल जोडमा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याती घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) सम्झनु पर्छ।

प) **"स्थानियवासी"** भन्नाले उद्योग प्रभावित क्षेत्र अर्थात रुपन्देही र पाल्पा जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ।

फ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

## ख.२ विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क. विवरणपत्र प्राप्त गर्ने स्थान :

| सि.नं. | नाम र ठेगाना |
|---|---|
| १. | श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np |
| २. | श्री श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड, रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ४ नेपाल र वेवसाइट : www.safnepal.com |
| विवरण पत्र प्राप्त हेर्न पाउने | |
| ३. | श्री नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np |

ख. दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान

| उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा : | |
|---|---|
| १. | श्री नबिल बैंक लि., तानसेन शाखा, पाल्पा र फरसाटिकर शाखा, रुपन्देही |
| २. | श्री एनएमबी बैंक लि., तानसेन शाखा, पाल्पा र फरसाटिकर शाखा, रुपन्देही |
| ३. | श्री ग्लोबल आइएमई बैंक लि., तानसेन शाखा, पाल्पा |
| उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ। | |

| वैदेशिक रोजगारीमा रहेको नेपालीहरुको हकमा |
|---|
| श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

| सर्वसाधारणको हकमा |
|---|
| श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

साथै, भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट उद्योग प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ।

## ग.१ धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :

हामीलाई श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै, विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३, र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं।

## ग.२ संगठित संस्थाको उद्घोषण :

### ग.२ क. संगठित संस्थाको उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै, निष्काशन तथा विक्री प्रबन्धकलाई दिइएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२ ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२ ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौँ । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/२३ को पत्रानुसार आ.व.२०८०/८१ सम्म कम्पनी अद्यावधिक रहेको छ । साथै आन्तरिक राजस्व विभागबाट मिति २०८१/१०/२८ मा आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र लिइ सो वर्ष सम्मको कर विवरण अद्यावधिक रहेको छ ।

### ग.२ घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

## ग.३ संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३ क. संगठित संस्थाको पृष्ठभुमि

क) संगठित संस्थाको नाम : श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड ।

ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

ग) संस्थाको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ४, मा रहेको छ । सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

संस्थाको सम्पर्क कार्यालय : यस संस्थाको सम्पर्क कार्यालय काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका, टङ्गाल, वडा नं. २, मा रहेको छ ।

घ) कारोबार गर्ने मुख्य स्थान : यस संस्थाको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका वडा नं.४ रहेको छ । संस्था अन्तर्गतको अन्य उद्योग तथा कारोबार स्थल निम्न बमोजिम रहेको छ ।

क) प्यारेन्ट फार्म-वडा नं. १० तेल्घा, तानसेन नगरपालिका, पाल्पा जिल्ला
ख) ह्याचरी तथा प्यारेन्ट फार्म-वडा नं. ४ शुद्धोधन गाउँपालिका रुपन्देही जिल्ला
ग) कर्मसियल फार्म- वडा नं. ४ शुद्धोधन गाउँपालिका रुपन्देही जिल्ला

आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, अन्य शाखा उद्योग तथा कारोबार खोल्न, सार्न वा बन्द गर्न सक्नेछ ।

ङ) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास, र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास :

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०७/१९ गते एक्वाटीक इको सिस्टम्स् एण्ड फिसरिज म्यानेजमेन्ट कन्सल्ट प्रा. लि. को मिति २०६८/०२/११ मा नाम परिवर्तन गरी हिमालय आक्वा एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. हुदै मिति २०७४/०२/२५ मा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०८०/०२/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति पत्र अनुसार प्रा.लि. बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड (३१३९५५/७९/०८०) मा अभिलेख भई कारोबार संचालन गर्दै आएको छ । यस कम्पनीको रजिष्टर्ड कार्यालय रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं.४ मा रहेको छ भने सम्पर्क कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, टङ्गाल, वडा नं.२ मा रहेको छ । श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड नेपालकै पहिलो ISO 9001:2015 प्रमाणित एकिकृत कृषि व्यवसाय हो ।

श्रीनगर व्यवसायिक समुह अन्तर्गत मिति २०५९/०१/१२ देखि श्रीनगर एग्रो फार्म प्रा. लि. मार्फत प्यारेन्ट तथा ह्याचरी उद्योग स्थापना गरिएको र सो उद्योगलाई आवश्यक पर्ने दाना तथा आहार पनि आफै उत्पादन गर्ने उद्देश्य सहित मिति २०६१/०७/१९ मा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा. लि.को स्थापना गरी दुबै उद्योग सफलतापूर्वक संचालन गरिएको थियो । राष्ट्रिय तथा अन्तराष्ट्रिय पद्धतिको आवश्यकता अनुसार एकै किसिमको कृषि जन्य उत्पादन तथा सेवा सम्बन्धि उद्योगलाई एकिकृत रुपमा संचालन गर्दा उद्योगलाई फाइदा हुने तथा बजारलाई आवश्यक पर्ने कृषि जन्य उत्पादन परिपुर्तिमा सहजिकरण गर्ने हेतुले मिति २०८०/०६/१९ मा दुबै उद्योग एकिकृत गरी श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लि. अन्तर्गत एकमुष्ठ रुपमा सम्पूर्ण (फार्म तथा ह्याचरी, दाना तथा आहार, मासु प्रशोधन तथा शित भण्डार) उद्योगहरु संचालन गर्दै आएको छ ।
संगठित संस्थाले श्रीकिसान इनोभेसन हवको माध्मयबाट किसानहरुको क्षमता अभिवृद्धि गर्नका लागि समय-समयमा तालिम प्रदान गर्नुका साथै, आफ्ना ग्राहकहरुलाई कृषि खेती, पशुपंक्षी पालन तथा व्यवसायसँग सम्बन्धित अन्य परामर्श र प्राविधिक सहयोग उपलब्ध गराउँदै आइरहेको छ ।

**<u>श्रीनगर एग्रो फार्म प्रा. लि. तथा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. बिचको एकिकरण सम्बन्धी संक्षिप्त विवरण :</u>**

**१. सामान्य विवरण**

| | |
|---|---|
| **श्रीनगर एग्रो फार्म प्रा.लि.को स्थापना मिति** | २०५९/०१/१२ |
| **श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. स्थापना मिति** | २०६१/०७/१९ |
| **श्रीनगर एग्रो फार्म प्रा.लि. तथा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. बिच एकिकरण सम्पन्न गर्ने MOU मा हस्ताक्षर भएको मिति** | २०८०/०४/०२ |
| **श्रीनगर एग्रो फार्म प्रा.लि. तथा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि.को Due Diligence Review प्रतिवेदन ।** | **श्रीनगर एग्रो फार्म प्रा.लि. तथा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि.को Due Diligence Review प्रतिवेदन मिति** २०८०/०४/२९ मा **मनोज अधिकारी एण्ड एसोसिएट्सले तयार गर्नु भएको हो ।** |
| **स्वाप रेसियो** | **१:१** |
| **स्थायी सम्पत्तिको गणना** | **संगठित संस्थाहरुको सम्पत्तिको मुल्य गणना गर्दा जग्गाहरुको मूल्य बजार अन्य सम्पत्तिहरुलाई किताबी मुल्यमा गणना गरिएको छ ।** |
| **कम्पनी रजिष्टारको कार्यालयबाट गाभ्ने स्विकृतीपत्र** | **मिति २०८०/०६/१९** |

२. **Due Diligence Review प्रतिवेदनको संक्षिप्त विवरण :**

**क.प्रति शेयर आन्तरिक मुल्य सम्बन्धी विवरण (Intrisic Value Per Share)**

| विवरण | **श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि.** (रु.) | **श्रीनगर एग्रो फार्म प्रा.लि.** (रु.) |
|---|---|---|
| **सम्पत्ति** | | |
| **मौज्दात** | २५,७८,४६,३३८ | २०,७४,६१३ |
| **व्यापार तथा अन्य प्राप्तीहरु** | ५९,६७,११,००९ | ९,२९,३१,९८५ |
| **अग्रीम भुक्तानी र निक्षेप** | ९३,११,३७२ | ९४,२७,८२३ |
| **नगद वा नगद सरह** | २,००,२७,४१२ | ७,३१,९९७ |
| **सम्पत्ति, प्लान्ट र उपकरण** | ४७,४९,४८,५०१ | ५६,७४,३४,९७९ |
| **लगानी** | | ५४२००००० |
| **अन्य गैर चालु सम्पत्ति** | | |
| **स्थगित कर सम्पत्ति** | | |
| **जम्मा (क)** | १,३५,८८,४४,६३२ | ७२,६८,०१,३९७ |
| **दायित्व** | | |
| **ऋण र उधारो** | ९०,४१,९५,११२ | २४,२३,०१,०९८ |
| **व्यापार तथा अन्य भुक्तानी** | १६,७०,१०,६१७ | १९,२७,५८,०६५ |
| **जम्मा (ख)** | १,०७,१२,०५,७२९ | ४३,५०,५९,१६३ |
| **खुद समायोजित आन्तरिक मुल्य (क-ख)** | २८,७६,३८,९०३ | २९,१७,४२,२३४ |
| **शेयर संख्या** | २८,५०,६५० | २९११००० |
| **आन्तरिक मुल्य प्रति शेयर** | १००.९० | १००.२२ |

**ख. कम्पनीको प्रति शेयर मुल्य**

| **विवरण** | **श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि.** | **श्रीनगर एग्रो फार्म प्रा.लि.** |
|---|---|---|
| कम्पनीको समग्रमा मुल्य (रु.) | २८,७६,३८,९०३ | २९,१७,४२,२३४ |
| शेयर संख्या (चुक्ता पूँजी अनुसार) (रु.) | २८,५०,६५० | २९,११,००० |
| प्रति शेयर मुल्य (रु.) | १००.९० | १००.२२ |

कम्पनीको प्रति शेयर मुल्य Net Assets Value Method बाट गणना गर्दा (मिति २०८०/०३/३१ को सम्पत्ति र दायित्व अनुसार) श्रीनगर एग्रीटेक इन्डष्ट्रिज प्रा.लि. को प्रति शेयर मुल्य रु. १००.९० र श्रीनगर एग्रो फार्म प्रा.लि. को प्रति शेयर मुल्य रु. १००.२२ आएको मा दुवै कम्पनीको प्रति शेयर मुल्य रु.१०० सिफारिस भएको ।

**नेट प्रिजेन्ट भ्यालु** (Net Present Value (NPV), **इन्टरनल रेट अफ रिर्टन** (Internal Rate of Return (IRR), Discounted Pay Back Period **गणना को संक्षिप्त विवरण :**

| **पूँजीको लागत ९%, Terminal Growth Rate 2%** | | | | | | |
|---|---|---|---|---|---|---|
| **वर्ष** | **कर पछिको नाफा** | **मूल्यह्रास र परिशोधन** | **पूँजीगत खर्च** | **उपलब्ध नगद प्रवाह** | **प्रिजेन्ट भ्यालु इन्ट्रेस्ट फ्याक्टर** | **प्रिजेन्ट भ्यालु** |
| **प्रारम्भिक लगानी** | | | | (१,२३२,९७७,३७९) | १ | (१,२३२,९७७,३७९) |
| २०८२/८३ | ५७,०८५,०७१ | २४,८०५,३९५ | १७,५००,००० | ६४,३९०,४६७ | ०.९२ | ५९,०७३,८२२ |
| २०८३/८४ | १५७,०२०,२५० | २५,८७७,२४८ | १७,५००,००० | १६५,३९७,४९८ | ०.८४ | १३९,२११,७६५ |
| २०८४/८५ | २२१,९७९,४९९ | २६,५४४,१९९ | १७,५००,००० | २३१,०२३,६९८ | ०.७७ | १७८,३९२,६८३ |
| २०८५/८६ | २८२,५५३,०९२ | २६,९०७,६७९ | १०,०००,००० | २९९,४६०,७७१ | ०.७१ | २१२,१४५,५६० |
| २०८६/८७ | ४२४,३१९,३२९ | २५,५४६,४२८ | - | ४४९,८६५,७५७ | ०.६५ | २९२,३८१,८७५ |
| २०८७/८८ | ४११,८४४,६५४ | २२,३२१,३२१ | - | ४३४,१६५,९७५ | ०.६ | २५८,८७८,९८५ |
| २०८८/८९ | ४१३,७४४,३३६ | १९,६१९,१९९ | - | ४३३,३६३,५३५ | ०.५५ | २३७,०६४,६९४ |
| २०८९/९० | ४२३,००८,१०१ | १७,३४७,८९६ | - | ४४०,३५५,९९७ | ०.५ | २२०,९९९,८२६ |
| २०९०/९१ | ४२६,८७६,२१६ | १५,४३२,२३६ | - | ४४२,३०८,४५२ | ०.४६ | २०३,६५१,०९८ |
| २०९१/९२ | ४२८,२०८,२४८ | १३,८१०,८०९ | - | ४४२,०१९,०५७ | ०.४२ | १८६,७१३,६२७ |
| **अन्तिम मूल्य** | | | | ६,४४०,८४९,११९ | ०.४२ | २,७२०,६८४,२७३ |

| | |
|---|---|
| **नेट प्रिजेन्ट भ्यालु** (Net Present Value (NPV) | ३,४७६,२२०,८३० |
| **इन्टरनल रेट अफ रिर्टन** (Internal Rate of Return (IRR) | २८.२८% |

| पूँजीको लागत ९% | | | | | |
|---|---|---|---|---|---|
| **आ.व.** | **उपलब्ध नगद प्रवाह** | **संचित नगद प्रवाह** | **छुट दर** | **डिस्काउन्टेड नगद प्रवाह** | **जम्मा नाफा** |
| २०८१/८२ | (१,२३२,९७७,३७९) | (१,२३२,९७७,३७९) | १.०० | (१,२३२,९७७,३७९) | (१,२३२,९७७,३७९) |
| २०८२/८३ | ६४,३९०,४६७ | (१,१६८,५८६,९१३) | ०.९२ | ५९,०७३,८२२ | (१,१७३,९०३,५५७) |
| २०८३/८४ | १६५,३९७,४९८ | (१,००३,१८९,४१५) | ०.८४ | १३९,२११,७६५ | (१,०३४,६९१,७९२) |
| २०८४/८५ | २३१,०२३,६९८ | (७७२,१६५,७१७) | ०.७७ | १७८,३९२,६८३ | (८५६,२९९,१०९) |
| २०८५/८६ | २९९,४६०,७७१ | (४७२,७०४,९४६) | ०.७१ | २१२,१४५,५६० | (६४४,१५३,५४९) |
| २०८६/८७ | ४४९,८६५,७५७ | (२२,८३९,१८९) | ०.६५ | २९२,३८१,८७५ | (३५१,७७१,६७४) |
| २०८७/८८ | ४३४,१६५,९७५ | ४११,३२६,७८६ | ०.६० | २५८,८७८,९८५ | (९२,८९२,६८८) |
| २०८८/८९ | ४३३,३६३,५३५ | ८४४,६९०,३२१ | ०.५५ | २३७,०६४,६९४ | १४४,१७२,००६ |
| २०८९/९० | ४४०,३५५,९९६ | १,२८५,०४६,३१८ | ०.५० | २२०,९९९,८२६ | ३६५,१७१,८३१ |
| २०९०/९१ | ४४२,३०८,४५२ | १,७२७,३५४,७७० | ०.४६ | २०३,६५१,०९८ | ५६८,८२२,९३० |
| २०९१/९२ | ४४२,०१९,०५७ | २,१६९,३७३,८२७ | ०.४२ | १८६,७१३,६२७ | ७५५,५३६,५५६ |
| **साधारण लगानी फिर्ता** | | | | ५.०५ | |
| **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष)** | | | | ६.३९ | |

**व्यवसाय चक्रको (Business Cycle)**




कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) पशुपंक्षी तथा माछाको दाना, आहार उत्पादन गर्ने गराउने ।
(ख) एकीकृत कृषिजन्य, पशुपंक्षी पालन तथा माछापालन सम्बन्धि व्यवसाय गर्ने गराउने ।
(ग) मासुजन्य प्रशोधन केन्द्र (Meat and Egg Processing Unit) तथा शीत भण्डार (Cold Storage/Cold Room) को स्थापना गर्ने ।
(घ) विविध कृषि खेती तथा व्यवसायसँग सम्बन्धित अन्य कार्य वा प्राविधिक सेवाहरु उपलब्ध गर्ने गराउने ।

वातावरणीय प्रभाव मूल्याङ्कन प्रदिवेदनका मूख्य बुँदाहरु यस प्रकार छन् :

१. परियोजनको परिचय :
यस कम्पनीले प्यारेन्ट फार्मिङ, ह्याचरी, कर्मसियल फार्मिङ दाना उत्पादन, मासु प्रशोधन, लगायत उद्देश्य बमोजिम कार्य गर्न र आवश्यकता अनुसार संरचना जस्तै पोल्ट्री सेड, स्टोर, जग्गा, भवन, मेसिनरी उपकरण आदि निमार्ण गर्ने ।

२. परियोजनाको क्षमता :
यस कम्पनीले उत्पादन गर्नको लागि ४५,५०० मे.ट दाना, ३०,००,००० ह्याचिङ्ग अण्डा, लेयर कुखुराको अण्डा ३२,४०,०००, बोइलर कुखुरा फार्मिङ्ग ४४,४०,०००, मासु प्रसोधन क्षमता १८०० मे.ट, अण्डा प्रशोधन २०० मे.ट. र कोण्ड स्टोरेज २०० मे.ट. को लागि आवश्यक संरचना जस्तै पोल्ट्री सेड, स्टोर, जग्गा भवम, मेसिनरी उपकरण आदि निमार्ण गर्ने ।

३. पानी र फोहर व्यवस्थापन :
यस कम्पनीलाई लागि आवश्यक पानी स्थानीय मुहान र बोरिङबाट प्राप्त गरिनेछ । कुखुराको मल जैविक मलको रुपमा प्रयोग गरिन्छ र पानीको स्रोत वा जमिनमा प्रदूषण हुने छैन् ।

४. सामाजिक तथा आर्थिक प्रभाव :
यस कम्पनीको निमार्ण र संरचना दुवै चरणमा रोजगारी सृजना गर्ने र स्थानीय आपूर्ति श्रृंखलालाई सहयोग पुऱ्याउने छ ।

५. कानुनी तथा वातावरणीय पालना :
यो परियोजनाले वातावरणीय संरक्षण नियमावली अनुसार आवश्यकता प्रारभिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी सम्बन्धी निकायमा पेश गरेको छ । व्यवस्थापन तथा अनुगमन योजना परियोजना दिगो संचालन सुनिश्चित गर्न वातावरण योजना तयार गरिएको छ । साथै, नियमित अनुगमन र मूल्याङ्कन समेत समावेश गरिएको छ ।

६. प्रस्तावको प्रभाव क्षेत्र :
यस कम्पनीको आयोजनाको प्रभाव क्षेत्र शुद्धोधन गाउपालिका ४, मैनैया, रुपन्देही वरपर क्षेत्रहरु र तानसेन १०, पाल्पा वरपर क्षेत्रहरु हुन् ।

श्रीनगर एग्रिटेकका प्रमुख परियोजनाहरू सम्बन्धी विवरण :

१. AquaLink –WE4F–USAID साझेदारी

लक्ष्य: १. १५०० जना किसानलाई माछापालन सम्बन्धी तालिम उन्नत तालिम दिने ।
२. उन्नत माछाको दाना खरीद गर्ने ।
३. जलवायु मैत्री माछापालन गर्ने ।

साझेदारी: WE4F -USAID, EU, BMZ, Sida, नेदरल्याण्ड्स

**२. Feed the Future - पोल्ट्री परियोजना (USAID/Nepal)**

लक्ष्य: १. ७००० जना किसान (५०% महिला) लाई तालिम, प्रविधि, बजार, पहुँच मार्फत, वित्तीय सुधार, उत्पादकत्व बढाउने ।
मुख्य उद्देश्य: समावेशी र निजी क्षेत्रको नेतृत्वमा कृषि विकास गर्ने ।

**३. COVID–19 पछिको माछा पालन सुधार (DFAT Australia – BPP साझेदारी)**

लक्ष्य: १. **Covid-19** ले प्रभाव पारेका घरधुरी (किसान तथा वैदेशिक रोजगारीमा गएका घर धुरी) हरुलाई तालिम सिप विकास प्रविधिमा पहुँच मार्फत आत्मनिर्भर बनाउने ।
२. ३००० जना किसानको सिप तथा आम्दानीमा बृद्धि गर्ने ।
३. बजारमा पहुँच बढाउने ।
४. मासु प्रसोधन तालिम दिने ।

प्रभाव: ४५% आम्दानी वृद्धि, १,३५७ रोजगारी सिर्जना, ५ एग्री सेन्टर र १ कोल्ड स्टोर सञ्चालन ।

**४. श्री किसान इन्नोवेशन हब (UKAID – Skill for Employment)**

लक्ष्य: १. ७,५०० कृषकलाई पोल्ट्री, पशुपालन तथा गुणस्तर मकै उत्पादन तालिम दिने ।
२. तालिममा सहभागी मध्ये २,२५० जना सम्मलाई रोजगार प्रदान गर्ने ।

विशेषता: डिजिटल प्लेटफर्म (Shree Kisan App), बहु-क्षेत्रीय साझेदारी, र प्रभावकारी M&E प्रणाली विकास ।

**च) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश प्रतिशतमा :**

क) सुनौलो एग्रो फार्म प्रा. लि :

यस सुनौलो एग्रो फार्म प्रा. लि कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/२७ गते कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नं. ६०२९४/०६५/०६६ मा दर्ता भएको हो र यस कम्पनीको स्थायी लेखा नं. ३०३७८३००२ रहेको छ। यस कम्पनीमा श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लि. को शत प्रतिशत लगानी रहेको छ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१) Integrated Hatchery (एकिकृत ह्याचरी) संचालन सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने।

२) पशुपन्छी तथा माछाको दाना आहार उत्पादन गर्ने गराउने।

३) एकिकृत कृषिजन्य र पशुपन्छी पालन तथा माछा पालन सम्बन्धी व्यवसाय गर्ने गराउने।

४) पशु वधशाला, मासुजन्य प्रशोधन कन्द्र तथा शित भण्डारको स्थापना गर्ने।

५) विविध कृषि खेती तथा व्यवसायसँग सम्बन्धित अन्य कार्य वा प्राविधिक सेवाहरु गर्ने गराउने।

छ) देहायका कुराहरु समेत उल्लेख गनुपर्ने (लागू हुने हदसम्म) :

१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :

"बाली देखि थाली" सम्म भन्ने नारा लिएको यस संगठित संस्थाले कृषि जन्य उत्पादनको सुरुवाती बिन्दु देखि अन्तिम बिन्दु (अन्तिम उपभोक्ता) सम्म पुऱ्याउन विभिन्न चरणमा आवश्यक पर्ने उद्योगहरुलाई एउटै छानामुनी एकिकरण गरी विभिन्न कृषि जन्य वस्तुहरुको उत्पादन तथा सेवाहरु प्रदान गर्ने कार्य गर्दै आइरहेको छ।

संगठित संस्थाले एकिकृत कृषि व्यवसाय अन्तर्गत दाना उद्योग, ह्याचरी, फार्म र मासु प्रशोधन केन्द्र संचालनमा ल्याएको छ। संगठित संस्थाले ह्याचरीमा ब्रोइलर तथा लेयर प्रजातीका कुखुराका चल्ला उत्पादन गरी संस्थाको आफ्नै कुखुरा फार्ममा तिनलाई पाल्ने कार्य गर्दै आइराखेको छ। संगठित संस्थाले आन्तरिक प्रयोजनका साथै बिक्रिका लागि विभिन्न प्रकारका दानाहरु उत्पादन गरी राखेको छ। यसका साथै संगठित संस्थाले Contract Farming को अवधारणा अबलम्वन गरेको छ जस अन्तर्गत कुखुराका चल्ला कृषकहरुलाई वितरण गर्ने र तिनलाई आवश्यक पर्ने दाना तथा सम्पुर्ण प्राविधिक सहायता प्रदान गर्दै आइरहेको छ।

संगठित सस्थाले आफ्नै कुखुरा फार्म तथा Contract Farming मार्फत उत्पादित अण्डालाई देशको विभिन्न भु-भागमा बिक्री वितरण गर्ने तथा कुखुरालाई प्रशोधित मासुका रुपमा बजारमा पठाउने कार्य गरी राखेको छ।

**संगठित संस्थाले उत्पादन गर्ने वस्तुहरु र सेवाहरु निम्नानुसार रहेको छ :**

**१. दानाहरु :**

- कुखुराको दाना (प्यारेन्ट, ब्रोइलर, लेयर र गिरीराज)
- माछाका दाना (Floating & Sinking)
- गाईवस्तुको दाना
- अन्य दाना (बंगुर, कालिज र बाखा)

**२. ह्याचरी (ब्रोइलर र लेयर प्रजातीका चल्ला)**

**३. कुखुराजन्य उत्पादन**

- अण्डा
- प्रशोधित मासु (कुखुरा)

**४. प्राविधिक, प्रयोगशाला तथा परामर्श सेवा**

**२) प्रयोग भएको वा गरिने प्रविधि :**

संगठित संस्थाले प्रयोग गरेको प्रविधिहरु निम्नानुसार रहेको छ :

- कुखुराको दाना उत्पादन गर्नको लागि नेदरल्याड तथा भारतमा निर्मित Feed Plant उपकरण प्रयोग गरी गुणस्तरीय दाना (Pellet & Mash feed) उत्पादन गर्ने कार्य गरिरहेको।
- माछाको दाना उत्पादन गर्नको लागि चिनियाँ प्रविधिको Extrusion Technology प्रयोग गरी गुणस्तरीय दाना (floating fish feed) उत्पादन गर्ने कार्य गरिरहेको।
- चल्ला उत्पादन गर्नको लागि भारतीय Incubation and Hatching प्रविधिको प्रयोग गरी गुणस्तरीय चल्ला (ब्रोइलर, लेयर) उत्पादन गर्ने कार्य गरिरहेको।
- ब्रोइलर कुखुरा तथा अण्डा उत्पादनको लागि उच्च प्रविधिको अमेरिकन Automated environmental control and cage technology प्रयोग गरी कुखुरा उत्पादन गरिरहेको।
- प्रशोधित मासु उत्पादन तथा शित भण्डार सेवा गर्नको लागि भारतमा निर्मित Slaughter and processing Plant, Freezing र Blasting technology प्रयोग गरिने।

**३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

संगठित संस्थाले उद्योग विभागबाट पेटेन्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ बमोजिम निम्न ब्राण्डनेम दर्ता गरी प्रमाण पत्र प्राप्त गरेको छ ।

| ब्रान्डनेम | ईजाजत प्राप्त मिति (वि.स.) |
|---|---|
| श्रीनगर कृषि केन्द्र | २०७६/०३/१८ |
| GOLDEN EGG | २०७०/०१/०९ |
| SUNAULO FEED and Logo | २०७०/०१/०९ |
| सुनौलो दाना र लोगो | २०७०/०१/०९ |

संगठित संस्थाले प्राप्त गरेको ISO Certification को विवरण निम्नानुसार रहेको छ ।

| क्र.स. | ISO Certification | इजाजत नं. | दर्ता मिति | कायम रहने मिति |
|---|---|---|---|---|
| १. | ISO 9001:2015 | 100993/A/0001/UK/EN | २१ जुन २०१८ | २० जुन २०२७ |

**४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

संगठित संस्था मध्य पश्चिम नेपालको प्रमुख कृषि उत्पादक हो । संगठित संस्थाले नेपालको मध्य पश्चिम क्षेत्रको दाना तथा कुखुरा बजारको ठुलो हिस्सा ओगटी आफ्नो पकड कायम गर्न सफल भएको छ । संगठित संस्थाले ओगटेको बजार क्षेत्र देहाय बमोजिम रहेको छ :

| सि.न. | ओगटेको बजार क्षेत्र | बिक्री प्रतिशत |
|---|---|---|
| १. | लुम्बिनी प्रदेशका जिल्लाहरु<br>(रुपन्देही, गुल्मी, पाल्पा, अर्घखाँची, कपिलवस्तु, दाङ, बाँके, बर्दिया र प्युठान) | ४४.०९ |
| २. | मधेस प्रदेशका जिल्लाहरु<br>(बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी) | ४.१० |
| ३. | बागमती प्रदेशका जिल्लाहरु (धादिङ्ग, काठमाण्डौं, चितवन, हेटौडा) | ४६.२१ |
| ४. | गण्डकी प्रदेशका जिल्लाहरु<br>(कास्की, बाग्लुङ, गोरखा, लमजुङ, नवलपुर, तनँहु, स्याङजा म्याग्दी-बेनी र पर्वत-कुस्मा) | ४.७० |
| ५. | कर्णाली प्रदेशका जिल्लाहरु (सुर्खेत) | ०.७० |
| ६. | कोशी प्रदेशका जिल्लाहरु (विराटनगर) | ०.१७ |
| ७. | सुदुरपश्चिम प्रदेशका जिल्लाहरु (कैलाली) | ०.०४ |

**५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

कम्पनीले व्यापार विस्तारको क्रममा बुटवल, रुपन्देहीमा मासु प्रशोधन केन्द्र तथा शितभण्डारको स्थापना गर्ने योजना रहेको छ । कम्पनीले Contract Farming अन्तर्गत कुखुरा पालन व्यावसायलाई विस्तार एवंम व्यवस्थित गर्ने योजना गरेको छ ।

**६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

संगठित संस्था मध्य पश्चिम नेपालको प्रमुख कृषि उत्पादक कम्पनी हो । संगठित संस्थाले ओगटेको सम्पुर्ण क्षेत्रहरुमा आफ्नो उत्पादन बिक्री वितरणको लागि २ प्रकारको वितरण प्रणाली अबलम्वन गरेको छ ।

१. डिलर वितरण प्रणाली मार्फत होलसेलर, रिटेलर हुँदै ग्राहकसम्म पुऱ्याउने प्रणाली रहेका छन् ।

२. प्रत्यक्ष वितरण प्रणाली जसमा उद्योगको आफ्नै कृषि केन्द्र वा Contract फार्मिङ्ग मार्फत सोझै कृषकहरुलाई प्रत्यक्ष रुपमा सप्लाई गर्ने व्यवस्था गरी बिक्री वितरण गर्ने गरिएको छ ।

**७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

संगठित संस्थाको उत्पादन/संचालन वार्षिक क्षमता निम्न बमोजिम रहेको छ,

१) दाना उत्पादन क्षमता ४५,५०० मे.ट. रहेको छ ।

२) चल्ला उत्पादन क्षमता ४४,४०,००० गोटा

३) कर्मसियल फार्मिङ्ग २६,००,००० गोटा

४) मासु प्रशोधन १८०० मे.ट

विगत तीन वर्षको उत्पादन सम्बन्धी विवरण :

| | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| दाना उत्पादन (मे.ट.) | १२,१३२ | १०,०५० | १५,०३५ |
| चल्ला उत्पादन (गोटा) | - | - | ७९८,८९७ |
| मासु प्रशोधन (मे.ट.) | - | - | २,४१३,२१६ |
| कर्मसियल फार्मिङ्ग (मे.ट.) | - | - | ४९०,९३० |

## ८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :

१) संगठित संस्थाले कुखुरा, माछालाई आवश्यक पर्ने विभिन्न प्रकारका दाना उत्पादन गर्दै आइरहेको छ । दाना उत्पादन गर्न आवश्यक पर्ने विभिन्न प्रकारका कच्चा पदार्थहरु निम्नानुसार व्यवस्थापन गर्दै आइरहेको छ :

| सि.न. | कच्चा पदार्थ | श्रोत |
|---|---|---|
| १. | डि.ओ.आर.बी | भारत |
| २. | माछा तेल | भारत |
| ३. | नुन | नेपाल |
| ४. | डि.सि.पि | भारत |
| ५. | मोलासेस | नेपाल |
| ६. | भटमास तेल | भारत/नेपाल |
| ७. | तोरी पिना | भारत/नेपाल |
| ८. | गहुँ | नेपाल |
| ९. | डी. डी. जी. एस | भारत/नेपाल |
| १०. | ढुटो | भारत/नेपाल |
| ११. | खरीपिना | नेपाल |
| १२. | मार्वल ग्रिड | भारत |
| १३. | भटमास पिना | भारत |
| १४. | चामल कनिका | नेपाल |
| १५. | मार्वल धुलो | नेपाल |
| १६. | मकै | भारत/नेपाल |
| १७. | भिटामिन तथा मिनरल प्रिमिक्स | भारत/तेश्रो मुलुक |

२) प्यारेन्ट तथा माउ चल्ला

संगठित संस्थाले वार्षिक ३५,००० ब्रोइलर तथा लेयर प्यारेन्ट चल्ला नेपाल, भारत तथा अन्य तेश्रो मुलुकबाट आयात गर्दै आइरहेको छ ।

## ९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :

संगठित संस्थाले गुण नियन्त्रणका लागि संस्थाको प्राविधिक रुपमा दक्ष विशेषज्ञहरुबाट सुविधा सम्पन्न अत्याधुनिक Proximity and micro biological lab संचालन गरिएको छ । उत्पादित वस्तुहरुको लागि आयात हुने सम्पूर्ण कच्चा पदार्थहरुको प्रयोगशालामा जाँच गरेर गुण नियन्त्रण मापदण्ड पुरा भएपछि मात्र उत्पादन गर्नको लागि प्रयोग गर्ने गरिन्छ र उत्पादित तयारी सामानहरु बजारमा बिकि वितरण गर्नु पूर्व प्रयोगशालामा जाँच गरेर गुण नियन्त्रण मापदण्ड पुरा भएपछि मात्र बिकि वितरण गर्ने गरिएको छ ।

## १०) अनुसन्धान तथा विकास :

संगठित संस्थाले विभिन्न प्रकारका कुखुरा तथा माछाको दानाहरु उत्पादन गर्दै आइरहेको छ । संगठित संस्थाले दानालाई थप पोषणयुक्त र गुणस्तरीय बनाउनको लागि पोषण विज्ञको निगरानीमा अनुसन्धानको कार्य गर्दै आइरहेको छ । संगठित संस्थाले श्री किसान इनोभेसन हवको माध्यमबाट विभिन्न व्यवसायिक कृषकहरु र फार्महरुमा नयाँ प्रविधिहरुको परिक्षणको कार्यहरु गर्दै आइरहेको छ । यसका साथै, संगठित संस्थाले अनुसन्धान विभागको स्थापना गरी कृषि, कुखुरा तथा माछाको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धित विभिन्न प्रविधिको अनुसन्धान, प्रयोग र बजार व्यवस्थापन सम्बन्धि अनुसन्धानको कार्य गरिराखेको छ ।

## ११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :

सो नभएको ।

## १२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :

सो नभएको ।

## १३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :

नेपालको कृषि क्षेत्रमा निजी क्षेत्रबाट स-साना स्तरमा र व्यक्तिगत तवरमा विभिन्न फर्म तथा कम्पनीहरुले काम गरिरहेको भएता पनि संस्थागत रुपमा कृषिको समग्र मुल्य श्रृंखलामा काम गर्ने गरी पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको यस कम्पनी पहिलो ISO 9001:2015 प्रमाणित एकिकृत कृषि व्यवसाय हो । यस आधारमा तत्कालिन रुपमा भइरहेका साना तथा मध्यम व्यवसाय र तिनीहरुले ओगटेको बजारमा केहि प्रतिस्पर्धी हुने भएता पनि केही वर्ष पश्चात् कम्पनीले संस्थागत रुपमा विशिष्ट खालको बजार निर्माण गर्नेछ । साथै, यस कम्पनीले गुणस्तर, अनुसन्धान, विकास र कृषि मूल्य श्रृंखलामा श्रोत केन्द्रको रुपमा काम गर्ने आधार खडा गरेको छ र अन्य समान प्रकृतिका संस्थाहरुलाई समेट्ने अभिप्रायले कृषि मूल्य श्रृंखलामा व्यवस्थापकिय भूमिका

निर्वाह गर्ने मार्गदर्शन लिएको हुँदा अन्य कम्पनीहरु तथा सरकारी तथा गैर सरकारी संस्थाहरुसंग प्रतिस्पर्धा भन्दा सबैसंग सहकार्य गरी व्यवसाय अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।

**१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

सो नभएको ।

**१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

सो नभएको ।

## ग.३.ख. सम्पत्तिको विवरण

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

कम्पनीको हालको सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थामा रहेको छ ।

**२०८१ चैत्र मसान्तसम्म** **रकम रु.मा**

| विवरण | अन्तिम मौज्दात | सुद्धोधन ४, रुपन्देही | तानसेन १०, पाल्पा | गहनापोखरी ५, काठमाडौ | धादिङ्ग | बुटवल १०, रुपन्देही | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **ग्रुप ए** | १,०४२,९५४,३४३ | ८२५,४३५,४१४ | १२०,७१२,०९१ | ६५,३६४,०३६ | ७,१४०,००० | २४,३०२,८०२ | १,०४२,९५४,३४३ |
| जग्गा | ७५२,११२,५७६ | ६१४,०८७,६८१ | ७६,१०५,४१६ | ५४,७७९,४७९ | ७,१४०,००० | - | ७५२,११२,५७६ |
| भवन | २६६,५३८,९६४ | २११,३४७,७३३ | ४४,६०६,६७४ | १०,५८४,५५७ | - | - | २६६,५३८,९६४ |
| WIP | २४,३०२,८०२ | - | - | | - | २४,३०२,८०२ | २४,३०२,८०२ |
| **ग्रुप बी** | ७,५२१,९०८ | ५,३११,८०७ | २३२,००० | १,९७८,१०१ | - | - | ७,५२१,९०८ |
| फर्निचर र फिक्स्चर | ३,२६५,८०६ | २,४४०,४७६ | १३२,००० | ६९३,३३१ | - | - | ३,२६५,८०६ |
| कार्यालय उपकरण | २,४४०,४४९ | १,५८०,६७९ | - | ८५९,७७० | - | - | २,४४०,४४९ |
| कम्प्युटर र सहायक उपकरणहरु | १,८१५,६५३ | १,२९०,६५३ | १००,००० | ४२५,००० | - | - | १,८१५,६५३ |
| **ग्रुप सी** | ३५,०४५,३५१ | २४,७९५,३५१ | - | १०,२५०,००० | - | - | ३५,०४५,३५१ |
| सवारी साधन | ३५,०४५,३५१ | २४,७९५,३५१ | - | १०,२५०,००० | - | - | ३५,०४५,३५१ |
| **ग्रुप डी** | ९३,९८४,२६२ | ४३,४६३,५८४ | ८,६५४,५१० | - | - | ४१,८६६,१६७ | ९३,९८४,२६२ |
| प्लान्ट र मेसिनरी | ५२,११८,०९४ | ४३,४६३,५८४ | ८,६५४,५१० | - | | - | ५२,११८,०९४ |
| WIP | ४१,८६६,१६७ | - | | | | ४१,८६६,१६७ | ४१,८६६,१६७ |
| **जम्मा** | १,१४४,४६०,५१२ | ८९९,००६,१५६ | १२९,५९८,६०१ | ७७,५९२,१३७ | ७,१४०,००० | ६६,१६८,९७० | १,१७९,५०५,८६४ |

| सि.नं. | जग्गाको स्थान | व्यवसायको विवरण |
|---|---|---|
| १ | सुद्धोधन ४, रुपन्देही | यस श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. को सुद्धोधन ४, रुपन्देहीमा पशुपन्छी तथा माछाको दाना/आहार उत्पादन गर्ने । प्यारेन्ट/ब्रिडिङ फार्म, ह्याचरी, कर्मसियल तथा करार तथा बाइ ब्याक नमुनामा फार्मिङ र सो फार्मिङबाट उत्पादित चल्ला तथा तयारी कुखुरा, अण्डा पदार्थहरुको बिक्री वितरण गर्ने । |
| २ | तानसेन १०, पाल्पा | प्यारेन्ट/ब्रिडिङ फार्म, ह्याचरी, फार्मिङ र सो फार्मिङबाट उत्पादित अण्डा ह्याचरीमा ल्याई चल्ला उत्पादन गर्ने । |
| ३ | गहनापोखरी ५, काठमाडौ | कर्पोरेट अफिस रहेको । |
| ४ | बेनीघाट ६, धादिङ | कर्मसियल फार्मिङ गर्नको लागि । |
| ५ | बुटवल १०, रुपन्देही | तयार भएको कुखुराहरु ल्याई प्रशोधन गरी बजारमा बिक्री वितरण गर्ने । |

**ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

माथि उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो ।

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

संगठित संस्थाको स्वामित्वमा रहेको सम्पूर्ण जग्गा तथा अन्य सम्पत्तिहरु सहवित्तीयकरण कर्जा प्रवाह गर्ने बैंकहरुको नाममा मोर्टगेज तथा हाइपोथिक्येट गरिएको छ ।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** सो नभएको ।

**(ङ)सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** सो नभएको ।

## ग.३.ग. भावी योजना तथा रणनीति

**क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

नेपाल एक विकासोन्मुख देश हो जसको कुल जनसंख्याको करिब ५० प्रतिशत भन्दा बढी जनसंख्या कृषि व्यवसायमा निर्भर रहेको छ । नेपालमा व्यवसायिक कृषिका लागि प्रचुर मात्रामा सम्भावना भएता पनि कृषि क्षेत्र परम्परागत र निर्वाहमुखी रही आएको छ । नेपालमा एकिकृत व्यवसायिक कृषि व्यवसाय गर्ने गरी थोरै मात्र संस्थाहरु स्थापना भएका छन् तीमध्ये श्रीनगर एग्रीटेक इण्डष्ट्रिज लि. पनि नेपालको प्रतिष्ठित एकिकृत कृषि व्यवसायी मध्ये एक हो । संगठित संस्थाले वर्तमान समयमा शुद्धोधन-४ रुपन्देहीमा व्यवसायिक कृषि फार्मका साथै, दाना कारखाना रहेको छ भने पाल्पाको तेल्घामा ब्रिडर फार्म संचालनमा रहेको छ । संगठित संस्थाले भविष्यमा आफैलाई कृषि सम्बन्धी व्यवसायको लागि "One Stop Solution" को रुपमा स्थापना गर्ने लक्ष्य लिएको छ ।

संगठित संस्थाले आफ्नो व्यापार व्यवसायलाई विस्तार तथा विविधिकरण गर्ने उद्देश्यका साथ आफुलाई कृषि उत्पादनमा मात्र सिमित नराखी कृषि उत्पादनलाई प्रशोधन गरी अन्तिम उपभोक्ता समक्ष सहज र सरल रुपमा गुणस्तरीय सामान पुऱ्याउने भावी योजना रहेको छ । संगठित संस्थाले भावी योजनालाई मुर्तरुप दिन चालिने समयवद्ध रणनीति निम्नानुसार रहेको छ :

१. मासुजन्य प्रशोधन केन्द्र (Meat Processing Unit), तथा शितभण्डार (Cold Storage /Cold Room) को स्थापना गर्ने ।
२. मासुजन्य प्रशोधन केन्द्र, ह्याचरी, फार्महरुबाट निस्किएको wastage संकलन गरी Rendering प्रविधिबाट सो wastage लाई प्रशोधन गरी दाना उत्पादनमा कच्चा पदार्थको रुपमा प्रयोग गर्ने ।
३. संगठित संस्थाले उत्पादित वस्तुहरु सुलभ तरिकाले बिक्री केन्द्र, कृषि केन्द्र, कृषि मार्ट, फास्टफुड/रेष्टुरेन्ट स्थापना गरी बिक्री वितरण गर्ने ।
४. संगठित संस्थाले अबलम्बन गरेको Contract and Buyback Model मार्फत उत्पादन हुने वस्तुहरुको गुणस्तर कायम राख्नको लागि श्री किसान इनोभेसन हब मार्फत किसानलाई प्राविधिक तथा अन्य सहयोग तथा सल्लाह प्रदान गर्ने ।
५. कृषि भेटेरीनरी/परीक्षण प्रयोगशालाहरु स्थापना गरी स्वदेशी तथा विदेशी विशेषज्ञ/संस्थाहरुलाई अल्पकालिन तथा दीर्घकालिन समयका लागि आवद्ध गरी पशुपंक्षी तथा बाली रोग निदानका विविध परिक्षण सुविधाहरु तथा परामर्श सेवाको व्यवस्था गर्ने ।

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपाल एक कृषि प्रधान देश हो । नेपालको कुल जनसंख्याको ५० प्रतिशत भन्दा बढी जनसंख्या कृषि व्यवसायमा निर्भर रहेका छन् । कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा २३.९५ प्रतिशत योगदान गरेको छ । नेपालमा व्यवसायिक कृषि भन्दा पनि परम्परागत र निर्वाहमुखी कृषि प्रणाली हावी रहेको छ । एकिकृत कृषि व्यवसाय त नेपालमा सुरुवाती चरणमा नै रहेको छ । श्री श्रीनगर एग्रीटेक लि. नेपालको चिरपरिचित एकिकृत कृषि व्यवसायी हो । जसले शुद्धोधन-४ रुपन्देहीमा व्यवसायिक कृषि फार्मका साथै, दाना कारखाना संचालन गरेको छ भने पाल्पाको तेल्घामा ब्रिडर फार्म संचालनमा गरेको छ ।

नेपालमा ३४८ ह्याचरीहरु ब्रोइलर कुखुरा र १४ ह्याचरीहरुले लेयर कुखुराको चल्ला उत्पादन गर्ने गरी स्थापना भएको छ जस मध्ये हाल २०० ह्याचरीहरुले ब्रोइलर कुखुरा र केही ह्याचरीहरुले लेयर कुखुराको चल्ला उत्पादन गर्दै आइरहेका छन् (स्रोतः काठमाण्डु पोष्ट, २०२३/०२/१९) । यस संगठित संस्था हाल नेपालमा संचालनमा रहेको केही ह्याचरीहरु मध्येको एक हो जसले लेयर कुखुराको चल्ला उत्पादन तथा बिक्रि वितरण गर्दै आइरहेको छ ।

नेपाली जनताको क्रय शक्तिमा भएको वृद्धिले गर्दा जिवनस्तरमा समेत परिवर्तन भएको छ फलस्वरुप खानपान रहनसहनमा आको परिवर्तनले माछामासु, अण्डा जस्ता पोषणयुक्त खानेकुराको माग दिनानुदिन बढ्दै गइरहेको छ । नेपालीको प्रति व्यक्ति कुखुरा तथा माछाको मासु र अण्डाको वार्षिक खपत निम्न बमोजिमको रहेको छ :

| | |
|---|---|
| कुखुराको मासु | ६ के.जि प्रति वर्ष |
| माछा | २.२ के.जि प्रति वर्ष |
| अण्डा | ७६ गोटा प्रति वर्ष |

(स्रोत नेपाल दाना उद्योग संघ २०७९/८० वार्षिक प्रतिवेदन अनुसार प्रकाशन गरेको)

विगत तीन वर्षको कुखुरा, माछा तथा अण्डाको उत्पादन निम्नानुसार रहेको छ :

| क.स. | उत्पादनको नाम | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० |
|---|---|---|---|---|---|
| १ | कुखुरा | २,५५,००१ | २,२६,९५९ | २,०४,९२३ | २००,६५८.०० |
| २ | माछा | ९७,२७१ | १,०४,६२३ | १,०८,३८५ | ११३,७३६.०० |
| ३ | अण्डा | १,६०,४५,२६,००० | १,४७,५६,२०,००० | १,३०,६३,८०,००० | १,५४७,१०३,०००.०० |

(स्रोत : Ministry of Agriculture and Livestock Development द्वारा प्रकाशन गरेको Statistical Information on Nepalese Agriculture 2079-80)

नेपालको कृषि क्षेत्रमा निजी क्षेत्रबाट स-साना स्तरमा र व्यक्तिगत तवरमा विभिन्न फर्म तथा कम्पनीहरुले काम गरिरहेको भएता पनि संस्थागत रुपमा कृषिको समग्र मुल्य श्रृंखलामा काम गर्ने गरी पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको यस कम्पनी पहिलो ISO 9001:2015 प्रमाणित एकिकृत कृषि व्यवसाय हो । यस आधारमा तत्कालिन रुपमा भइरहेका साना तथा मध्यम व्यवसाय र तिनीहरुले ओगटेको बजारमा केहि प्रतिस्पर्धी हुने भएता पनि केहि वर्ष पश्चात् कम्पनीले संस्थागत रुपमा विशिष्ट खालको बजार निर्माण गर्नेछ ।

आगामी दिनहरुमा कम्पनीले अझै गुणस्तरिय प्रविधिको प्रयोग गरी कुखुराको दाना, माछाको दाना, चल्ला, अण्डा उत्पादनमा वृद्धि गरी हाल ६ वटा प्रदेशका केही जिल्लाहरुमा आफ्नो बजार क्षेत्र ओगटेकोमा भविष्यमा यसले ७ वटै प्रदेशमा आफ्नो बजार विस्तार गरी व्यवसाय संचालन गर्ने उद्देश्य रहेको छ ।

## ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावली को नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समूहबाट | ५ जना |
| सर्वसाधारण समूहबाट (सर्वसाधारणमा शेयर निष्काशन गरे पश्चात नियुक्त हुने) | १ जना |
| स्वतन्त्र संचालक | १ जना |
| जम्मा | ७ जना |

**नोट :** हाल यस कम्पनीमा संस्थापक समुहबाट मनोनित वा निर्वाचित ५ जना सञ्चालकहरू र स्वतन्त्रबाट १ संचालक रहेको र सर्वसाधारणमा शेयर निष्काशन गरे पश्चातको पहिलो साधारणसभामा सर्वसाधारण समूहका शेयरधनीहरूबाट १ जना सञ्चालक नियुक्त गरिने छ ।

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

यस कम्पनीको संचालकको पदमा नियूक्त हुनका लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त यो व्यवस्था लागु हुने छैन ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

### क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :

**१. अधिकृत पूँजी (Authorised Capital) :**

कम्पनीको अधिकृत पूँजी रु.१,६३,१२,५०,०००/– (अक्षरेपी एक अर्ब त्रिसट्ठी करोड बाह्र लाख पचास हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले १,६३,१२,५०० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**२. जारी पूँजी (Issued Capital) :**

कम्पनीको जारी पूँजी रु.१,६३,१२,५०,०००/–(अक्षरेपी एक अर्ब त्रिसट्ठी करोड बाह्र लाख पचास हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/– का दरले १,६३,१२,५०० थान शेयरमा बिभाजन गरिएको छ ।

**३. चुक्ता पूँजी (Paid up Capital) :**

कम्पनीको चुक्ता पूँजी शेयरधनी दर्ता किताब बमोजिम १,३०,५०,००० थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.१,३०,५०,००,०००/- (अक्षरेपी एक अर्ब तीस करोड पचास लाख रुपैया) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको छ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पूँजी मा परिवर्तन सम्बन्धी विवरण :**

| आ.व. | अधिकृत पूँजी रु. | जारी पूँजी रु. | चुक्ता पूँजी रु. |
|---|---|---|---|
| २०६१/२०६२–२०६६/२०६७ | ५,000,000 | ३,000,000 | ३,000,000 |
| २०६७/२०६८–२०७०/२०७१ | ५,000,000 | ५,000,000 | ५,000,000 |
| २०७१/२०७२ | १0,000,000 | १0,000,000 | १0,000,000 |
| २०७२/२०७३ | १0,000,000 | १0,000,000 | १0,000,000 |
| २०७३/२०७४ | ११0,000,000 | ११0,000,000 | ५0,000,000 |
| २०७४/२०७५ | ११0,000,000 | ११0,000,000 | ५0,000,000 |
| २०७५/२०७६ | ११0,000,000 | ११0,000,000 | १00,000,000 |
| २०७६/२०७७ | ११0,000,000 | ११0,000,000 | १00,000,000 |
| २०७७/२०७८ | २५0,000,000 | २५0,000,000 | १९८,000,000 |
| २०७८/२०७९ | २५0,000,000 | २५0,000,000 | २२४,000,000 |
| २०७९/२०८० | ४00,000,000 | ४00,000,000 | २८५,0६५,000 |
| २०८०/२०८१ | १,२00,000,000 | १,२00,000,000 | १,00१,000,000 |
| २०८१/२०८२ | १,६३१,१२५,000 | १,६३१,१२५,000 | १,३0५,000,000 |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

| क्र.सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनीहरु | १,३0,५0,000 | १,३0,५0,00,000/- | ८0% | शतप्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी (स्थानिय) | १,६३,१२५ | १,६३,१२,५00/- | १% | निष्काशन हुन बाँकी |
| ३. | सर्वसाधारण शेयरधनी (सामूहिक लगानी कोष, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र कर्मचारीहरु समेत) | ३0,९९,३७५ | ३0,९९,३७,५00/- | १९% | निष्काशन हुन बाँकी |
| **जम्मा** | | **१,६३,१२,५00** | **१,६३,१२,५0,000/-** | **१00%** | |

**नोट :** स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ।

**ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्)**

सो नभएको।

**घ) मर्जर पूर्व र मर्जर पश्चात्को पूँजी संरचना :**

**मर्जर पूर्व :** रु.२८,५0,६५,000/– (अक्षरेपी अट्ठाइस करोड पचास लाख पैसट्ठी हजार रुपैयाँ मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१00/– का दरले २८,५0,६५0 थान शेयरमा बिभाजन गरिएको छ।

**मर्जर पश्चात् :** रु.५७,६१,६५,000/– (अक्षरेपी सन्ताउन्न करोड एकसट्ठी लाख पैसट्ठी हजार रुपैयाँ मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१00/– का दरले ५७,६१,६५0 थान शेयरमा बिभाजन गरिएको छ।

## ग.५. संस्थापक/संचालक सम्वन्धी जानकारी :

### ग.५.क. संस्थापक/संचालक सम्वन्धी जानकारी :

**क. आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

## आधारभूत शेयरधनीको विवरण :

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सतिस चन्द श्रेष्ठ<br>का.म.न.पा.- ०३<br>काठमाण्डौं | संचालक | ५० वर्ष | नेपाली | ४०,७०,३६३ | ३१.१९ | MBA with specilization in Finance and Marketing from K.U.,<br>Diplomas from PTC, Barneveld College of Agriculture and animal science, The netherlands in Hatchery, Farm and Feed mill operation and from College of Agriculture & Life Sciences,<br>NC State University of North Carolina in Polutary Production and Feed Milling amd Various courses of banking in Global Finance, Trade Finance and Financial Institution Relationships. | १.सन् २००२ देखि कृषि/पशुपालन क्षेत्रमा संलग्न,<br>२.नेपाल पोल्ट्री महासंघको सदस्य,<br>३.Nepal Hatchery Industries Association को सदस्य,<br>४.Nepal Feed Insustries Association को सदस्य,<br>५.Nepal Warehousing Company Ltd को संचालक ।<br>६. बैंकिङ्ग क्षेत्रको ४ वर्षको अनुभव (Citibank N.A) 1998-2002 |
| २. | श्री चन्द्र पंकज डेभलपर्स प्रा.लि. | संस्थापक | लागु नहुने । | लागु नहुने । | १०,८२,००० | ८.२९ | लागु नहुने । | लागु नहुने । |
| ३. | श्री शिखर ईन्सुरेन्स कम्पनी लि., तिनकुने-३५, काठमाण्डौं | संस्थापक | लागु नहुने । | लागु नहुने । | १०,००,००० | ७.६६ | लागु नहुने । | लागु नहुने । |
| ४. | श्री सिटिजन लाईफ ईन्सुरेन्स कम्पनी लि., थापाथली-११, काठमाण्डौं | संस्थापक | लागु नहुने । | लागु नहुने । | ५,००,००० | ३.८३ | लागु नहुने । | लागु नहुने । |
| ५. | श्री आइ.एम.ई लाईफ इन्स्योरेन्स कम्पनी लि., काठमाण्डौं | संस्थापक | लागु नहुने । | लागु नहुने । | ३,००,००० | २.३० | लागु नहुने । | लागु नहुने । |
| ६. | श्री ज्योति श्रेष्ठ<br>काठमाण्डौ-२२, बागमती | संस्थापक | ७३ वर्ष | नेपाली | ३,००,००० | २.३० | स्नातक | |
| ७. | श्री आइ.जी.आई प्रुडेन्शियल इन्स्योरेन्स लि., काठमाण्डौं | संस्थापक | लागु नहुने । | लागु नहुने । | २,५०,००० | १.९२ | लागु नहुने । | लागु नहुने । |
| ८. | श्रीमती मौशुमी श्रेष्ठ<br>का.म.न.पा.- ०३<br>काठमाण्डौं | संचालक | ४८ वर्ष | नेपाली | २,१९,२०० | १.६८ | MBA with specilization in Marketing from K.U | १.श्रीनगर एग्रीटेक इण्डष्ट्रिज लि.मा संचालक सन् २०१३ देखि ।<br>२. World Bank South Asia Regional Champain को सदस्य<br>३. Global Compact को सदस्य<br>४. One Egg Org को सदस्य |
| ९. | श्री उमेश थापा मगर, महालक्ष्मी -३, ललितपुर | संस्थापक | ५३ वर्ष | नेपाली | १,५०,००० | १.१५ | आई.कम | निश्चल एण्ड तेजश्वी मल्टीप्रपोज प्रा.लि. मा संचालक |
| १०. | श्री आईब्रोक्स ईन्टरनेशनल प्रा.लि. नक्साल-१, काठमाण्डौं | संस्थापक | लागु नहुने । | लागु नहुने । | १,३३,९२३ | १.०३ | लागु नहुने । | लागु नहुने । |

## संचालकहरुको विवरण :

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री राम कृष्ण खतिवडा, खोपासी-४, काभ्रे | अध्यक्ष | ४५ वर्ष | नेपाली | १,००० | | Certified Public- Private Partnership Professional<br>Chartered Economist, Global Academy of Financial Management<br>Master of Science in Finance, ICFAI University<br>Masters in Business Studies, Nepal Commerce Campus | १. प्रमुख कार्यकारी अधिकृत-नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.<br>२. मेम्बर कमिस्नर-विद्युत नियमन आयोग नेपाल<br>३. प्रमुख प्रबन्धक-परियोजना विकास र व्यवस्थापन<br>४. वित्त विश्लेषक-एजीएम स्तर<br>५. महाप्रबन्धक र कम्पनी सचिव-एनआइबीएल एस क्यापिटल मार्केट्स लि.<br>६. कार्यकारी निर्देशक-गिनिज इन्टरनेशनल प्रा.लि. LLC, Belleville, USA<br>७. विश्लेषक-अर्किड कन्सल्टिङ ग्रुप<br>८. वित्तीय विश्लेषक, (व्यापार विश्लेषक) Syntegral Consulting Corporation<br>९. प्रबन्ध निर्देशक-अन्नपूर्ण स्क्वायर प्रा.लि.<br>१०. संचालक-रिन्यू होल्डिङ्ग्स प्रा.लि.<br>११. अध्यक्ष-इन्फ्रा होल्डिङ्ग्स प्रा.लि.<br>१२. संचालक-एग्रीवस्तु कोल्ड स्टोरेज प्रा.लि.<br>१३. संचालक-गार्मेण्ट गियर प्रा.लि.<br>१४. संचालक-कर्णाली वाटर पावर प्रा.लि. | |
| २. | श्री सतिस चन्द श्रेष्ठ काठमाण्डौं-०३ * | संचालक | ५० वर्ष | नेपाली | ४०,७०,३६३ | ३१.१९ | MBA with specilization in Finance and Marketing from K.U.,<br>Diplomas from PTC, Barneveld College of Agriculture and animal science, The netherlands in Hatchery, Farm and Feed mill operation and from College of Agriculture & Life Sciences, NC State University of North Carolina in Polutary Production and Feed Milling amd Various courses of banking in Global Finance, Trade Finance and Financial Institution Relationships. | बैकिङ्ग क्षेत्रको ४ वर्षको अनुभव (Citibank N.A) 1998-2002 | १.सन् २००२ देखि कृषि/पशुपालन क्षेत्रमा संलग्न,<br>२.नेपाल पोल्ट्री महासंघको सदस्य,<br>३. Nepal Hatchery Industries Association को सदस्य,<br>४. Nepal Feed Insustries Association को सदस्य,<br>५. Nepal Ware housing Company Ltd को संचालक । |
| ३. | श्रीमती मौशुमी श्रेष्ठ काठमाण्डौं-०३ * | संचालक | ४८ वर्ष | नेपाली | २,१९,२०० | १.६८ | MBA with specilization in Marketing from K.U | १. Practical Action Consulting Asia मा वरिष्ठ सल्लाहकार: निजि क्षेत्रको बिकास सन् २०१३ देखि<br>२. Practical Action Consulting Asia को क्षेत्रिय प्रबन्धक सन् २००८ देखि २०१३ सम्म<br>३. SNV Asia, Nepal को Regional AAA (Analysis-Action-Assessment) focal Manager सन् २००७ देखि २००८ सम्म<br>४. SNV Nepal को Primary Process Quality Control Officer सन् २००६ देखि २००७ सम्म | १. श्रीनगर एग्रीटेक इण्डष्ट्रिज लिमिटेड मा संचालक सन् २०१३ देखि । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ५. SNV Nepal को Quality Control officer सन् २००२ देखि २००५ सम्म<br>६. SNV Nepal को Project Finance Officer सन् १९९८ देखि २००१ सम्म ।<br>७. Senior consultant and Advisor सन् २००८ देखि । | |
| ४ | श्री पोषक राज पौडेल (प्रतिनिधि सिटिजन लाईफ ईन्सुरेन्स कम्पनी लि.,) | संचालक | ५३ वर्ष | नेपाली | ५००,००० | ३.८३ | Masters in Business Administration, Finance, TU | १. प्रमुख कार्यकारी अधिकृत- सिटिजन लाईफ ईन्सुरेन्स कम्पनी लि.<br>२. Financial Controller, Metlife (former Alico)<br>३. Audit Officer, CS & Co.<br>४. Coordinator, NASPEC | |
| ५ | श्री कमल प्रसाद नेपाल, काठमाडौँ-३२, बागमती | संचालक | ५८ वर्ष | नेपाली | १०,९०० | ०.०८ | Masters in Business Administration (Personnel Management) | १. सहायक महाप्रबन्धक, प्रमुख संचालन अधिकृत र कम्पनी सचिव-एनएमबी क्यापिटल लि.<br>२. प्रबन्धक (प्रमुख केडिट र प्रमुख मानव संसाधन विभाग) गरिमा विकास बैंक<br>३. प्रबन्धक र कम्पनी सचिव अल्पाइन विकास बैंक<br>४. प्रमुख लेखा विभाग-पश्चिमाञ्चल ग्रामिण विकास बैंक<br>५. सुपरभाइजर-जिल्ला खानेपानी कार्यालय<br>६. स्वतन्त्र संचालक-डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. (२०८२/०२/२७ देखि) | |
| ६ | श्री अमर बहादुर थिङ | स्वतन्त्र संचालक | ५३ वर्ष | नेपाली | लागु नहुने । | लागु नहुने । | MSC, Regional and Rural Development Planning, Asian Institute of Technology | १. International Agricultural Value Chain Specialist, World Vision International<br>२. Livelihood Advisor, The Freedom Fund<br>३. Consultancies | |

* श्री सतिस चन्द श्रेष्ठ र श्रीमती मौशुमी श्रेष्ठ एकाघरको परिवारिक सदस्य रहेको ।

**ख. संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुले सम्म) :**

| क्र.स. | संस्थापक कम्पनीको नाम, ठेगाना | कम्पनी दर्ता नं. | विवरण | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | श्री चन्द्र पंकज डेभलपर्स प्रा.लि., पानीपोखरी-३, काठमाण्डौं | ५४१९२/०६४/०६५ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई नेपालको कुनै पनि स्थानमा भवनहरु निर्माण गरी बिक्रि वितरण गर्ने वा भाडामा दिने लिने । | श्रीमती चन्द्र लक्ष्मी श्रेष्ठ, काठमाण्डौं-०३ |
| २. | श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, तिनकुने-३५, काठमाण्डौं | ८७८/०६०/०६१ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कानूनको अधिनमा रही छोटो अवधिको बीमा र लामो अवधिको बीमा गर्ने । | १. श्री गौरब अग्रवाल-अध्यक्ष<br>२. श्री रमेश कुमार लुइँटेल-संचालक<br>३. श्री स्कन्द अमात्य-संचालक<br>४. श्री सौरभ जे.ब. राणा -संचालक<br>५. सुश्री सुर्जना श्रेष्ठ -संचालक<br>६. श्री पुष्कर महत-संचालक |
| ३. | श्री सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, थापाथली-११, काठमाण्डौं | १००४/०६३/०६४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कम्पनीको ऐन तथा कानूनको अधिनमा रही राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा प्रचलित विभिन्न प्रकारका जीवन बीमा गर्ने । | १. श्री प्रदिप जंग पाण्डे -अध्यक्ष<br>२. श्री सुमित कुमार अग्रवाल-संचालक<br>३. श्री मनोज कार्की-संचालक<br>४. श्री महेश स्वार-संचालक<br>५. श्री दावा फुटी शेर्पा-संचालक<br>६. श्री भेज प्रसाद तिमिल्सिना-संचालक |
| ४. | श्री आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, पानीपोखरी-०३, काठमाण्डौं | १०८३/०६५/०६६ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कानूनको अधिनमा रही विभिन्न इन्स्योरेन्सहरु उपलब्ध गराउने । | १. श्री डा. रामहरि अर्याल-अध्यक्ष<br>२. श्री उषा ढकाल-संचालक<br>३. श्री बिनोद के.सी.-संचालक<br>४. श्री सिताराम थापा-संचालक<br>५. श्री संदिप अग्रवाल-संचालक |
| ५. | श्री आईजिआई प्रुडेन्शियल इन्स्योरेन्स लिमिटेड, नक्साल-१, काठमाण्डौं | ६९५/०५५/०५६ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कानूनको अधिनमा रही विभिन्न व्यवसायमा संलग्न व्यक्ति वा संस्थाको संभावित जोखिमतालाई निर्जिवन बीमाको माध्यमबाट हित र सुविधा प्रदान गर्ने । | १. श्री हेम राज ढकाल-अध्यक्ष<br>२. श्री विशाल अग्रवाल--संचालक<br>३. श्री अम्बिका प्रसाद पौडल-संचालक<br>४. श्री कृती टिबरेवाल-संचालक<br>५. श्री अमित अग्रवाल-संचालक<br>६. श्री राजेन्द्र सिंह भण्डारी-संचालक<br>७. श्री कृष्ण प्रसाद शर्मा- स्वतन्त्र संचालक |
| ६. | श्री अल्फा क्यापिटल लिमिटेड, का.म.पा.-३, काठमाण्डौं | ३११३८२/७९/०८० | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई दोश्रो बजारमा सूचिकृत विभिन्न कम्पनीको शेयर खरिद बिक्रि गर्ने, संयुक्त लगानी गर्ने, अन्य कम्पनी, उद्योग, वित्तीय संस्थामा लगानी गर्ने । | १. श्री अजय बहादुर प्रधानाङ- अध्यक्ष<br>२. श्री अजय कुमार श्रेष्ठ -प्रबन्ध संचालक<br>३. श्री निरञ्जन श्रेष्ठ-संचालक<br>४. श्री दिलीप अग्रवाल-संचालक<br>५. श्री सेवा पाठक-संचालक<br>६. श्री परशुराम कुँवर क्षेत्री- स्वतन्त्र संचालक |
| ७. | श्री आइब्रोक्स इन्टरनेशनल प्रा. लि., नक्साल-१, काठमाण्डौं | १५५७२८/०७३/०७४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई विविध सामानहरुको थोक व्यापार गर्ने, अन्य व्यापारीक सेवाहरु, अध्ययन, अनुसन्धान तथा परामर्श सेवाहरु दिने । | श्री बिनय कुमार टोडी, विराटनगर-४ मोरङ्ग |
| ८. | श्री मल्टिपर्पोज फाइनान्स लि., राजविराज-४, सप्तरी | ६४४/०५३/०५४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई वित्तीय संस्था निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने । | १. श्री चन्दन अग्रवाल-अध्यक्ष<br>२. श्री जयप्रकाश ठाकुर-संचालक<br>३. श्री गेहानाथ ढुङ्गाना-संचालक<br>४. श्री अशोक साह-संचालक<br>५. श्री ग्रिष्मा श्रेष्ठ-संचालक<br>६. श्री महेश कुमार सिंह- स्वतन्त्र संचालक |
| ९. | श्री माला इन्भेष्टमेन्ट प्रा. लि., रानीबारी-२९, काठमाण्डौं | १०६७४९/०६९/०७० | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई सेवा मूलक उद्योग व्यवसायका साथै फर्महरुको व्यवस्थापन जिम्मा लिई संचालनार्थ लगानी गर्ने । | श्री जयराम नेपाल, कल्लेरी-३, धादिङ्ग |
| १०. | श्री एस.आर. हाइड्रो एन्ड इन्भेष्टमेन्ट प्रा. लि., शिवभक्तमार्ग-२, काठमाण्डौं | ४२२५३/०६३/०६४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई उद्योग व्यापार सम्बन्धी व्यवसायबाट उत्पादन विद्युत बिक्रि वितरण गर्ने, प्रशारण लाइनहरु निर्माण गर्ने । | श्री नवराज नेपाल, कल्लेरी-३, धादिङ्ग |
| ११. | श्री नेपाल परच्यूनिटि फण्ड, बालुवाटार-४, काठमाण्डौं * | | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई नेपालमा निजी इक्विटी, भेन्चर क्यापिटल र हेज जारी गर्न, सञ्चालन र व्यवस्थापन गर्न । | श्री मनोज पौडेल, बालुवाटार-३, काठमाण्डौं |
| १२. | श्री प्रिमियर सेक्युरिटीज कम्पनी लि., पुतलीसडक-२८, काठमाण्डौं | १५६/०५१/०५२ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई धितोपत्र कारोबार ऐन अधिनमा रही देशमा रहेका लगानीकर्तालाई उपयुक्त सूचना दिने, सल्लाह प्रदान गर्ने, कम्पनीहरुको शेयर, बण्ड तथा धितोपत्र खरीद | श्री रविन्द्र प्रसाद न्हुछे प्रधान, काठमाण्डौं-२०, काठमाण्डौं |

| | | | | |
|---|---|---|---|---|
| | | | बिक्री गर्ने । | |
| १३. | श्री अर्बन इन्भेस्टमेन्ट प्रा. लि., कपुरधारा-२६, काठमाण्डौं | ५६२२१/०६५/०६६ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई पब्लिक, प्राइभेट कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनीको शेयर खरीद गर्ने, बचत पत्रमा लगानी गर्ने र घर जग्गा किन्ने । | श्री शिखा मास्के, सानोभञ्जाङ-१५, काठमाण्डौं |
| १४. | श्री एसेन्ट एक्सपोर्ट्स प्रा. लि | २१०२२५/०७५/०७६ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई दुग्धजन्य पदार्थबाट डेरीका परिकारहरु उत्पादन तथा प्याकिङ्ग गरि बिक्रि वितरण गर्ने गराउने साथै आयात निर्यात गर्ने । | १. श्री सकुन्तला देवी मारवाडी<br>२. श्री सुनिता देवी अग्रवाल |
| १५. | श्री ग्लोबल एशिया ग्रुप प्रा. लि., ललितपुर-१४, ललितपुर | २८२१५४/०७८/०७९ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई विभिन्न सेवामुलक उद्योग व्यवसाय, कम्पनी, फर्महरुमा लगानी गर्ने । | श्री विनोद थापा, भलुवाजोर-४, रामेछाप |
| १६. | श्री इम्पेरियल सेक्युरिटीज कम्पनी लि., अनामनगर-२९, काठमाण्डौं | ३१२९०८/७९/०८० | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई धितोपत्र दलाल वा स्टक ब्रोकर सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने, विद्युतीय माध्यमबाट धितोपत्रहरुको निक्षेप कारोबार गर्ने । | १. श्री भक्तिराम घिमिरे-अध्यक्ष<br>२. श्री सीताराम अधिकारी-संचालक<br>३. श्री रबिकला पंगेनी-संचालक |
| १७. | श्री निम्बस इन्टरनेशनल प्रा. लि., सिनामंगल-९, काठमाण्डौं | १२२७८/५६/५७ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई आयात निर्यात तथा विविध वस्तुहरुको कारोबार गर्ने । | श्री आनन्द कुमार अग्रवाल, बगरीया |
| १८. | श्री जेम्स इन्भेष्टमेन्ट प्रा. लि., पुतलीसडक-२८, काठमाण्डौं | १२४७४०/०७१/०७२ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई धितोपत्र खरीद बिक्रि गर्ने । | श्री सतिस प्रसाद भट्ट |
| १९. | श्री जय शम्भु इन्भेष्टमेन्ट प्रा. लि., शंखमुल-१०, काठमाण्डौं | २६४०५९/७७/०७८ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई संचारका माध्यमबाट शेयर बजार लगायत वित्तीय, व्यवस्थापन, प्रशासन, लेखा तथा बजार सम्बन्धी ज्ञान संप्रेषण गर्ने, आवश्यक परामर्श सेवा दिने । | श्री अजय सिंह थापा, कमलमाई-६, सिन्धुली |
| २०. | श्री अप्टिमा क्यापिटल प्रा. लि., नक्साल-१, काठमाण्डौं | ३४१५९०/०८१/०८२ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई धितोपत्र बजारमा सुचिकृत भएका सबै किसिमका कम्पनीहरुको संस्थापक तथा पब्लिक शेयरमा लगानी गर्नुका साथै शेयर बिक्रि गर्ने । | श्री सुदिप पाण्डे, गोरखा |
| २१. | श्री जे.एफ. सेक्युरिटीज प्रा. लि., धर्मपथ-२३, काठमाण्डौं | ५५६६/०५३/५४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई धितोपत्रको प्रत्याभूती गर्ने, सरकारी बण्ड, ऋणपत्र तथा डिबेन्चरहरुको खरिद विक्रीको काम गर्ने । | श्री विजय जोशी, सानेपा-२, ललितपुर |
| २२. | श्री भिएनएस सोलुसन प्रा. लि., कुपण्डोल-१०, ललितपुर | १८०२४०/०७४/०७५ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई उद्योगलाई आवश्यक पर्नै मेशिन र मेशिनका पार्टपूर्जाहरु बिक्रि वितरण गर्नुका साथै विभिन्न उपकरण मेशिनहरु मर्मत गर्ने । | श्री चन्दन अग्रवाल, जनकपुर-०५, धनुषा |
| २३. | श्री डाइभरजेन्ट प्रोपर्टि पार्टनर्स प्रा. लि. | २७३३०४/०७८/०७९ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई जलउर्जा/सौर्य उर्जा उत्पादन तथा विक्री गर्ने कार्यमा, शिक्षा क्षेत्रमा, स्वास्थ्यमा, कलकारखाना,कृषि तथा कृषिजन्य व्यव्सायमा लगानी गर्ने । | श्री बुद्धमान सिंगतान, निजगढ-४,बारा |
| २४. | श्री इन्टेलिजेन्ट इनभेष्टमेन्ट प्रा. लि., पुतलीसडक-२८, काठमाण्डौं | ७४६४३/०६७/०६८ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कानून बमोजिम पब्लिक, प्राइभेट कम्पनीको प्राथमिक तथा सेकेण्डरी शेयरमा लगानी गर्ने, घर जग्गा खरीद बिक्रि गर्ने । | श्री तेज बहादुर श्रेष्ठ, खडादेबी-३, रामेछाप |
| २५. | श्री खुसी सप्लायर्स एण्ड इन्भेष्टमेन्ट प्रा. लि. | ५९४५३/०६५/०६६ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई भौतिक निमार्णका लागि आवश्यक विभिन्न निमार्ण सामग्रीहरु एवं मर्मत कार्यको लागी आवश्यक सामग्रीहरु सप्लाई गर्ने । | श्री मोहन कुमार चौधरी, हतियाही-८, रौतहट |
| २६ | श्री इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. बानेश्वर-३१, काठमाण्डौं | १७०२४६/७३/०७४ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई भौतिक विकासका पूर्वाधारहरुमा, धितोपत्रमा लगानी गर्ने । | श्री टंक प्रसाद उप्रती, झापा-५ |
| २७. | श्री ट्रिफोयल इन्भेष्टमेन्ट र होल्डिंग, सूर्यविनायक-३, भक्तपुर | ३३७७०३/८०/०८१ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई कानून बमोजिम स्वदेशी वा विदेशी संघ संस्था र व्यक्ति विशेषसँग मिली विभिन्न व्यवसायमा लगानीकर्ता भई मुख्य कम्पनीको रुपमा कार्य गर्ने । | श्री दिपेन्द्र कार्की, जुंगु, दोलखा |
| २८. | श्री भेन्चर पार्टनर्स नेपाल प्रा. लि., गोकर्णश्वर-८, काठमाण्डौं | २४८९२७/०७७/०७८ | कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई नेपालको पूँजी बजार र सेयर बजार बारे जान्न मद्दत गर्नु | श्री हरी कृष्ण अधिकारी, काभ्रे-९ |

| | | | | |
|---|---|---|---|---|
| २९. | श्री इन्वा गोरखा इन्भेष्टमेन्ट कम्पनी, ललितपुर-१४, ललितपुर | १०६६३८/०६९/०७० | नेपालमा जलविद्युत तथा उर्जा विकासका लागि स्थापित संगठित संस्थामा, सिमेन्ट उत्पादनमा, बैंक तथा वित्तिय संस्था स्थापनामा, पर्यटन, होटलमा लगानी गर्ने | श्री भिम बहादर लिम्बू ,नख्खिपोट-१४,ललितपुर |

*** श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लि. र नेपाल अपरच्यूनिटि फण्ड -१ बीच भएको लगानी सम्झौताका मुख्य बुदाहरु :**

१. यस सम्झौताका सर्तहरू र पूर्व शर्तको सन्तुष्टिको अधीनमा, कम्पनीले लगानीकर्ताहरूलाई जारी गर्नेछ र लगानीकर्ताहरूले तल वर्णन गरिए अनुसार कम्पनीबाट साधारण इक्विटी शेयरहरू खरिद गर्नेछन् । कम्पनीले कुनै पनि बाधा बिना लगानीकर्ताहरूलाई शेयर जारी गर्नेछ ।

| शेयरको प्रकार | शेयर संख्या | प्रति शेयर रु. | जम्मा रकम रु. |
|---|---|---|---|
| इक्युटी शेयर | ५०,००० | १०० | ५०,००,००० |

२. **निकास :**

२.१ नेपाल धितोपत्र बोर्ड वा अन्य कुनै सरकारी निकायको निर्देशन अनुसार समय समयमा लागू हुने कानून बमोजिम बाहेक संस्थापक शेयरमा लक इन वा स्थानान्तरणमा अन्य प्रतिबन्ध लगाइने छैन् ।

**ग. संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री सतिस चन्द श्रेष्ठ, काठमाण्डौं-०३ | प्रबन्धक निर्देशक - श्रीनगर इन्टरनेशनल प्रा.लि.<br>संचालक - नेपाल वेयरहाउजिङ्ग कम्पनी लि.<br>संचालक - यम.यम क्याफे प्रा.लि. |
| २. | श्री मौशुमी श्रेष्ठ, काठमाण्डौं-०३ | अध्यक्ष - श्री किसान इनोभेसन हब प्रा.लि.<br>अध्यक्ष - यम.यम क्याफे प्रा.लि. |
| ३. | श्री राम कृष्ण खतिवडा, खोपासी-४, काभ्रे | संचालक - रिन्यू होल्डिङ्ग प्रा.लि.<br>अध्यक्ष - इन्फ्रा होल्डिङ्स प्रा.लि.<br>संचालक - एग्रीवास्तु कोल्ड स्टोरेज प्रा.लि.<br>संचालक - लिफ एण्ड ब्लुम प्रा.लि.<br>संचालक - पुल्चोकी हस्पिटालिटी प्रा.लि.<br>अध्यक्ष - सुर्यचौर हस्पिटालिटी प्रा.लि.<br>संयोजक - अन्नपूर्ण स्कायर प्रा.लि.<br>संचालक - गार्मेण्ट गियर प्रा.लि.<br>संचालक - कर्णाली वाटर पावर प्रा.लि. |
| ४. | श्री पोषक राज पौडेल, (प्रतिनिधि सिटिजन लाईफ ईन्सुरेन्स कम्पनी लि.,) | संचालक- इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपाल<br>अध्यक्ष - जीवन बीमक संघ<br>प्रमुख कार्यकारी अधिकृत-सिटिजन्स् लाईफ इन्सुरेन्स कम्पनी लि. |
| ५. | श्री कमल प्रसाद नेपाल, काठमाडौं-३२, बागमती | स्वतन्त्र संचालक-डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |

सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

**घ. संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण**

१. संस्थापकको हकमा संचालक समितीको मन्जुरी बेगर शेयर बिक्री वा हस्तान्तरण गरिने छैन ।
२. साधारण सभाको निर्णय नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गरिने छैन ।
३. शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धि अन्य व्यवस्था कम्पनी ऐन, २०६३, धितोपत्र कारोबार सम्बन्धि कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।
४. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ को उपनियम १ मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले एक बर्षको हुनेछ ।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

## ग.५.ख. संस्थापक/संचालकसँगको कारोबार :

**क. संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ख. बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

## ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सिमित छ । यस कम्पनीहरुको शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सिमित रहने छ ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

### ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

| क्र.स. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | अनुभव | शेयर संख्या | अन्य कुनै संगठित संस्थामा गरेको लगानी | सूचिकृत संगठित संस्थामा आधारभुत शेयरधनी |
|---|---|---|---|---|---|---|---|---|
| १. | सतिस चन्द श्रेष्ठ | प्रबन्धक निर्देशक | MBA with specilization in Finance and Marketing from K.U.,<br>Diplomas from PTC, Barneveld College of Agriculture and animal science, The netherlands in Hatchery, Farm and Feed mill operation and from College of Agriculture & Life Sciences,<br>NC State University of North Carolina in Polutary Production and Feed Milling amd Various courses of banking in Global Finance, Trade Finance and Financial Institution Relationships. | २०८०/०२/१९ | • श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. मा संचालक<br>• श्रीनगर इन्टरनेसनल प्रा. लि. मा प्रबन्धक निर्देशक<br>• सिटि बैंक एन.ए रिप्रिजेन्टेटिभ अफिस, काठमाडौंमा रिलेसनसिप एण्ड अपरेशन मैनैजर सेप्टेम्बर १९९८- डिसेम्बर २००२<br>• सिटि बैंक एन.ए, इण्डिया, मा मार्केटिङ एण्ड म्यानेज्मेन्ट असिस्टेन्ट १९९३ | ४०,७०,३६३ | श्रीनगर इन्टरनेशनल प्रा.लि. | नेपाल वयरहाउजिङ्ग |
| २. | मौशुमी श्रेष्ठ | प्रबन्ध व्यापार निर्देशक | MBA with specilization in Marketing from K.U | २०८०/०२/१९ | • श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. मा संचालक<br>• श्रीकिसान इनोभेसन हबमा अध्यक्ष<br>• प्राक्टिकल एक्सन कन्सल्टिङ एसिया मा सिनियर एडभाइजर<br>• रिजनल एएए फोकल मैनेजर एस.ए.भी एसिया<br>• नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स कम्पनी मा असिष्टेन्ट मार्केटिङ अफिसर | २,१९,२०० | श्री किसान इनोभेसन हब प्रा.लि. | |
| ३. | कर्ण बहादुर सिंह | जनरल म्यानेजर | MBS with specilization in Finance from T.U | २०७१/०७/०२ | • श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. मा जनरल मैनेजर, अक्टोबर १९ २०१४ देखि<br>• प्रो बायोटेक इण्डष्ट्रिज प्रा. लि. मा सिनियर मैनेजर- फाइनान्स एण्ड अकाउन्टस, फेब्रुरी २१ २०११ देखि अक्टोबर ६, २०१४<br>• हाइल्याण्ड डिस्टिलरी प्रा. लि. मा असिस्टेन्ट अकाउन्टस एण्ड फाइनान्स मैनेजर, जनवरी ६ २००८ देखि फेब्रुरी ११ २०११<br>• होटल गौतम प्रा. लि. मा सिनियर अकाउन्ट एण्ड फाइनान्स अफिसर, सेप्टेम्बर १ २००३ देखि जनवरी ४ २००८<br>• ए.के कुमार एण्ड को. मा असिस्टेन्ट, जनवरी २६ २००३ देखि अगस्ट २८ २००३ | - | - | - |
| ४. | डा. गिरी राज खनाल (भेटेनरी) | प्राविधिक तथा बिक्री प्रबन्धक | M.V.Sc | २०७४/०१/१७ | • श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. मा प्राविधिक तथा बिक्री प्रबन्धक<br>• सि.टि.भी.टि एनेक्स जेटीए प्रोगाममा टिचिङ एक्सपेरियन्स<br>• अराभा इन्टरनेसनल सेन्टर फर एग्रिकल्चर ट्रेनिङमा एग्रिकल्चर टेक्निसियन ट्रेनि<br>• देउराली जनता टेक्निकल स्कुलमा भेटरेनरी इन्सट्रक्टर | - | - | - |
| ५. | श्री मनोज ठाकुर | म्यानेजर, फुड डिभिजन | Bachelor in Food Technology from National College of Food Science and Technology | २०८१/०४/०१ | • इम्प्लान्ट ट्रेनिङ, जगदम्बा फुड्स प्रा. लि. | | | |

**ख. विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**ग. कर्मचारी संख्या :**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी |
|---|---|---|---|---|---|
| ९५ | १०३ | ० | ० | ० | १९८ |

## ग.७.ख. संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

**क. सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई, दान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

मिती २०८१/१०/३० गते सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार संचालक समितिका पदाधिकारीहरुलाई बैठक भत्ता र अन्य खर्चहरु निम्नानुसार हुने :

बैठक भत्ता : अध्यक्षको हकमा रु.१५,०००/- (कर सहित) प्रति बैठक र अन्य संचालकको हकमा रु. १३,००० /- (कर सहित) प्रति बैठक ।

भ्रमण खर्च : व्यवसायको सिलसिलामा भ्रमण गर्दा हुने वास्तविक खर्च विल अनुसार ।

पत्रपत्रिका तथा संचार : प्रति महिना रु. ४००० (कर सहित) ।

सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुले बैठक भत्ता र दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधाहरु नलिएको ।

**ख. संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | नाम | पद | तलब तथा भत्ता रु. (आ.व २०८०/८१) |
|---|---|---|---|
| १. | सतिस चन्द श्रेष्ठ | प्रबन्ध निर्देशक | ८९,९९,२००.०० |
| २. | मौशुमी श्रेष्ठ | प्रबन्ध व्यापार निर्देशक | ७८,००,०००.०० |
| ३. | कर्ण बहादुर सिंह | जनरल म्यानेजर | १३,१४,२४७.०० |
| ४. | डा. गिरी राज खनाल | प्राविधिक तथा बिक्री प्रबन्धक | १३,२०,१९२.०० |
| ५. | मनोज ठाकुर | म्यानेजर, फुड डिभिजन | - |

**नोट :** १. **मनोज ठाकुर मिति २०८१/०४/०१ गतेदेखि नियुक्त भएको ।**

२. मिति २०८२/०३/३१ को संचालक समितिको निर्णय बमोजिम यस कम्पनिको संचालकहरु मध्येबाट एक संचालकलाई प्रबन्ध निर्देशक नियुक्त गर्न सक्ने व्यवस्था भए बमोजिम संचालक श्री सतिश चन्द श्रेष्ठ ज्युलाई कम्पनिको दैनिक कार्य संचालनका लागी नियुक्ती गर्ने र उहाँले अध्यक्ष एवम् प्रबन्ध निर्देशक रहदा खाईपाई आएको पारिश्रमिक तथा सेवा सुविधा आजको मितिबाट लागु हुने गरी यथावत प्रदान गर्ने निर्णय गरियो । साथै कम्पनीको व्यापारिक अभिवृद्धि (Business Development) कार्यको लागि अर्को संचालक श्रीमती मौशुमी श्रेष्ठ ज्युलाई प्रबन्ध व्यापार निर्देशक (Business Development Director) नियुक्ती गर्ने र उहाँले कार्यकारी निर्देशक हुँदा कम्पनीबाट खाईपाई आएको पारिश्रमिक तथा सेवा सुविधा आजको मितिबाट लागु हुने गरी यथावत प्रदान गर्ने निर्णय गरियो । साथै उल्लेखित निर्णयहरुलाई आगामी साधारण सभाबाट अनुमोदन गरी पूर्ण वैधानिकता प्रदान गर्ने निर्णय गरियो ।

**ग. कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :**

सो नभएको ।

## ग.८. अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।

**क. वित्तीय साधनको अभावबाट हुने जोखिम :**

उद्योग संचालनमा आईसकेको साथै, संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भईसकेको र बैंकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम न्यून रहेको छ ।

**ख. कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- संगठित संस्थाको लागि चाहिने कच्चा पदार्थहरु कम्पनीले उचित मात्रामा भण्डारण गरी राख्ने गरेको, यथेष्ट भण्डारण क्षमता समेत भएको र भारत तथा अन्य देशका सप्लार्यसहरुसँग कम्पनीको सहज पहुँच रहेको कारणले कच्चा पदार्थहरुको अभावबाट हुने जोखिम न्यून रहेको छ ।
- संगठित संस्थालाई चाहिने कच्चा पदार्थहरुको मौज्दात नियमित रुपमा विश्लेषण गरी न्यूनतम मौज्दात हुनु भन्दा अगाडी नै खरीद प्रक्रिया अगाडी बढाउने हुनाले कच्चा पदार्थको अभावबाट हुने जोखिम न्यून रहेको छ ।

**ग. उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

संगठित संस्थाले आफ्नो उत्पादित बस्तुहरुको बिक्रीका लागि देशैभरी फैलिएको वितरण संजाल निमार्ण गरी लागु गरेको छ र विभिन्न प्रदेशहरुमा आफ्नो शाखा संजालहरु विस्तार गरेको छ । दैबिक प्रकोप या अन्य असामान्य परिस्थितीमा बाहेक आफ्नो उत्पादनहरुलाई सजिलैसंग बजारमा पुऱ्याउन सक्ने भएकोले यसबाट सृजित हुन सक्ने जोखिम न्यून रहेको छ । साथै, गुणस्तरमा विशेष ध्यान दिई उत्पादन प्रक्रियालाई सरलीकरण गरेको हुनाले संगठित संस्थाको उत्पादनको बजार स्थिती मजबुत रहेको छ ।

**ङ. विदेशी विनिमयको जोखिम :**

संगठित संस्थाको लागि आवश्यक पर्ने कच्चा पदार्थहरु देश बाहिरबाट पनि विदेशी मुद्रामा आयात गर्नुपर्ने भएको हुनाले र उक्त कच्चा पदार्थहरु उचित मात्रामा भण्डारण गरी राख्नु पर्ने कारणले कम्पनीमा विदेशी विनिमयको जोखिम अर्न्तनिहित हुन्छ । आवश्यक परेमा विदेशी विनिमयको जोखिम न्युनिकरणका लागि संगठित संस्थाले बैंक तथा वित्तिय संस्थाहरुसँग Forward Contract तथा अन्य वित्तिय उपकरणहरु प्रयोग गरी विदेशी विनिमयको जोखिमलाई न्युनिकरण गरेको छ ।

**च. कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**

हाल संगठित संस्थाले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु तथा प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेको हुनाले सो जोखिम नरहेको ।

**छ. क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :**

अन्तराष्ट्रिय बजारमा क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारण उद्योगलाई आयात गर्नु पर्ने कच्चा पदार्थको मुल्यमा आउन सक्ने उतारचढावका कारण हुने जोखिम रहेको हुँदा सो लाई न्युनिकरण गर्नका लागि समयमा नै कच्चा पदार्थहरु पर्याप्त मात्रामा मौज्दातमा राख्ने निती कम्पनीको रहेको छ ।

**ज. सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

संगठित संस्थाले उत्पादन गर्ने पशुपंक्षी तथा माछाको दाना, आहारा प्रमुख उत्पादनहरु मध्ये पर्दछ । धेरै मात्रामा नेपाल भित्रै पाईने कच्चा पदार्थहरु उत्पादन हुने हुँदा र निर्यातको प्रचुर संभावना रहेकोले सरकारी निती तथा नियमहरु परिवर्तन भई नकारात्मक प्रभाव पर्ने संभावना न्यून रहेको छ । हालको अवस्थासम्म कृषिजन्य उत्पादनको आयातमा प्रतिबन्ध गरी स्थानिय उत्पादनलाई प्राथमिकता दिएको हुनाले सरकारी नीती तथा नियमहरुमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यून रहेको देखिन्छ ।

**झ. संचालन इतिहासको अभाव :**

यस संगठित संस्था वि.स. २०६१/०७/१९ गते प्रा.लि. को रुपमा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएकोमा मिति २०८०/०२/२८ गते कम्पनी रजिष्टारको कार्यालयको स्वीकृति पत्र अनुसार प्रा.लि. बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई आधारभूत कार्य संचालन गरेकाले हालसम्मको अवधिमा उचित मात्रामा अनुभव हासिल गरेकोले संचालन इतिहासको अभावबाट हुने जोखिम न्यून रहेको ।

**ञ. प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

संगठित संस्थाले हाल विभिन्न देशमा निर्मित उच्च प्रविधि प्रयोग गरिरहेको रहेको छ र विश्व बजारमा हुने प्रविधि परिवर्तनहरुलाई संगठित संस्थाले समायानुकुल रुपमा अनुसरण गर्ने भएको हुनाले प्रविधिको परिवर्तनबाट हुने जोखिम न्यून रहेको देखिन्छ ।

**ट. पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**

संगठित संस्थाको लागि आवश्यक पर्ने पुर्वाधारहरु सुद्धोधन ४, रुपन्देही, तानसेन १०, पाल्पा, निमार्ण भई सकेको हुनाले जोखिम न्यून रहेको छ साथै, नयाँ इकाई मासु प्रशोधन तथा शीत भण्डारण बुटवल औद्योगिक क्षेत्रभित्र निर्माण गर्ने क्रममा निर्माण अन्तिम चरणमा रहेकोले जोखिम न्युन रहेको छ ।

**ठ. अन्य :**

भुकम्प, आगलागी जस्ता कारणले हुने क्षति र जैविक जोखिमबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको छ । प्रत्येक सवारी साधनहरु लगायत मेशिनरी पार्टपुर्जा, प्लान्ट उद्योग लगायत भवनहरु, कामदार, कर्मचारीहरुको बीमा गरिएको छ । जोखिम न्यूनिकरणका लागि संगठित संस्थाले आफ्नो आन्तरिक बीमा नीति अनुसार गरेका सम्पत्तिको बिमाहरु सम्बन्धि विवरण तपशिल बमोजिम रहेको छ ।

| क्र.स. | बीमा सम्बन्धि विवरण | बीमा गरिएको कम्पनीको नाम | बीमाले बहन गरेको जोखिम | बीमाङ्क रकम रु. | प्रिमियम रकम रु. (मु.अ.कर बाहेक) | बीमाको वैधता |
|---|---|---|---|---|---|---|
| १. | सम्पत्ति बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु र हुलदंगा | १,०११,६११,८८७.०० | २,९१०,६०७.८६ | अनुसूची १ बमोजिम |
| २. | पन्छी बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, रोगबाट हुने हानी-नोक्सानी | १,८३४,१४०.०० | २०,७३४.०७ | अनुसूची १ बमोजिम |
| ३. | पन्छी बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, रोगबाट हुने हानी-नोक्सानी | २५,९११,३८४.६२ | ५१३८४३.९८ | अनुसूची १ बमोजिम |
| ४. | पन्छी बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, रोगबाट हुने हानी-नोक्सानी | ११,५०८,०९९.०० | ४२५०८.६८ | अनुसूची १ बमोजिम |
| ५. | पन्छी बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, रोगबाट हुने हानी-नोक्सानी | १२,२७१,५२६.३२ | २१२२३५.९८ | अनुसूची १ बमोजिम |
| ६. | सवारी बीमा | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. | आगलागी, चट्याङ, भुकम्प, बाढी, डुवान, पहिरो/भुस्खलन, आँधिभेरी, असिना, हिऊ वा तुसारो, आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, रोगबाट हुने हानी-नोक्सानी | ३,०४,३९,४१०.०० | ३६४,५१७.५१ | अनुसूची १ बमोजिम |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**
अंकित मूल्य प्रति शेयर रु.१००/- को दरमा कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

## ग.९. वित्तीय विवरण :

### ग.९.क. संस्थापक/वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

**क. संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व.२०८०/०८१ को लेखापरिक्षण भएको वासलात, नाफा/नोक्सान हिसाब तथा नाफा/नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वित्तीय अवस्थाको विवरण (वासलात)**

**३१ आषाढ २०८१ सम्म** (रु. मा)

| विवरण | आ.व.२०८०/८१ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | १,०२१,०५१,३१३ |
| पुँजीगत कार्य प्रगति | १६५,४६०,१६८ |
| **वित्तीय सम्पत्ति** | |
| सहायक कम्पनीहरुमा लगानी | ५,६००,००० |
| FVTOCI मा इक्विटी लगानी | ५०,०००,००० |
| अन्य वित्तीय सम्पत्ति | ८०४,१०७ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,२४२,९१५,५८८** |
| **चालु सम्पत्ति** | |
| इनभेन्टोरीज | ३१६,२०२,९१० |
| **वित्तीय सम्पत्ति** | |
| व्यापार तथा अन्य प्राप्यहरु | ६९६,६२१,९८७ |
| नगद र नगद सरह | ९,२७७,५२८ |
| **अन्य चालु सम्पत्ति** | |
| अग्रिम तथा पूर्व भुक्तानी | ३८,२५३,००८ |
| चालु कर सम्पत्ति | १०,३४६,०६१ |
| बिक्रिका लागि राखिएको वर्गिकृत सम्पत्ति | - |
| **जम्मा चालु सम्पत्ति** | **१,०७०,७०१,४९४** |
| **जम्मा सम्पत्ति** | **२,३१३,६१७,०८३** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १,००१,०००,००० |
| जगेडा तथा कोष | ५,८८२,५१८ |
| शेयर आवेदन रकम | - |
| **जम्मा पूँजी** | **१,००६,८८२,५१८** |
| **गैर चालु दायित्व** | |
| **वित्तीय दायित्व** | |
| दिर्घकालिन ऋण | ८३६,४९५,००० |
| स्थगन कर दायित्व | १०,६८५,९४९ |
| अन्य गैर चालु दायित्व | - |
| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| दाना रु. | ३७,८९,७०,५१६ | ३६,७७,३६,६१९ | ३५,५०,४८,५८० |
| फार्म रु. | २५,९४,९८,३१७ | २५,५४,००,३३९ | २५,२६,८७,१९८ |
| फुड रु. | - | १०,७४,२७,०३२ | १३,०४,७४,१९२ |
| **जम्मा** रु. | **६३,८४,६८,८३३** | **७३,०५,६३,९९०** | **७३,८२,०९,९७०** |

**ज. Average debtors collection period :**

कम्पनीको “फार्म, फिड र फुड’ लाई एकीकृत सञ्चालन गर्ने रणनीति अनुसार, दुई संस्थालाई मर्ज (गाभ्ने) गरेको छ । जसमध्ये गाभिएको संस्थामा COVID-१९ को महामारी र त्यसपछिको आर्थिक मन्दीका कारण ठूलो मात्रामा असुली हुन बाँकी आसामीहरु (receivables) रहेका थिए । मर्जरपश्चात ती असुली हुन बाँकी आसामीहरु पनि एकिकृत वित्तीय विवरणमा समावेश गरिएको छ । सो चुनौतीपूर्ण अवस्थामा डिलरहरू र ग्राहकहरूलाई सहयोग गर्न कम्पनीले आंशिक भुक्तानी सुविधा उपलब्ध गराएका छ, जसको फलस्वरूप ती पुराना आसामीहरु क्रमशः आंशिकरुपमा असुली भइरहेका छन् । यस कारण हालको व्यापारिक प्राप्य केही उच्च देखिएको र सो को असर हालको र प्रक्षेपित विवरणको **Average debtors collection period** मा पर्न गई आ.व.**२०८२/८३** **Average debtors collection period** सामान्य रुपमा उच्च देखिएको छ । तथापि, मर्जरपछिको सञ्चालन अवधीमा भएका नयाँ बिक्रीहरूको आसामीहरु भने बैंकिङ साझेदारहरूद्वारा तोकिएको क्रेडिट साइकल भित्रै रहेको छ ।

| **विवरण** | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| औषत | ९१ | ९१ | ९१ |

**झ. Inventory holding period :**

कम्पनीले जिवित कुखुरा पालन तथा अण्डा उत्पादन कार्य गर्ने हुनाले सोको लागि आवश्यक पर्ने प्यारेन्ट पाल्ने अवधि ६ महिना देखि ८ महिनासम्म रहने हुनाले सो वापतको Inventory holding period ज्यादा हुने हुनाले कम्पनीको औषत Inventory holding period १२० दिन भन्दा बढी प्रक्षेपण रहेको छ ।

| **विवरण** | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| औषत | १५४ | १३९ | १२५ |

**ञ. Creditors collection period :**

प्रक्षेपित वर्षहरुमा खरीदको ९० दिनसम्मको कुल उधारो खरीद गर्न सक्ने कम्पनीको नीति अनुसार तिर्नुपर्ने दायित्वहरुको प्रक्षेपण भए अनुसार Creditors collection period निम्न बमोजिम रहेको छ :

| **विवरण** | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| औषत | ३३ | ५२ | ७१ |

## ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :

### क. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| **विवरण** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.व.२०७८/०७९** | **आ.व.२०७९/०८०** | **आ.व.२०८०/०८१** | **आ.व.२०८१/०८२ (आषाढ मसान्त)** | **आ.व.२०८२/८३** | **आ.व.२०८३/८४** | **आ.व.२०८४/८५** |
| चुक्ता पूँजी (रु.) | २२४,000,000 | २८५,०६५,००० | १,००१,०००,००० | १,३०५,०००,००० | १,६३१,२५०,००० | १,६३१,२५०,००० | १,६३१,२५०,००० |
| अग्रिम शेयर (रु.) | - | ११४,९३५,००० | - | - | - | - | - |
| जगेडा तथा कोषहरु (रु.) | (२,८६२,१४२) | ३,७८०,८५६ | ५,८८२,५१८ | २७,८२३,२६० | ८४,९०८,३३१ | २४१,९२८,५८१ | ३१३,९०८,०८० |
| **जम्मा** | **२२१,१३७,८५८** | **४०३,७८०,८५६** | **१,००६,८८२,५१८** | **१,३३२,८२३,२६०** | **१,७१६,१५८,३३१** | **१,८७३,१७८,५८१** | **१,९४५,१५८,०८०** |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - |
| **जम्मा नेटवोर्थ (रु.)** | **२२१,१३७,८५८** | **४०३,७८०,८५६** | **१,००६,८८२,५१८** | **१,३३२,८२३,२६०** | **१,७१६,१५८,३३१** | **१,८७३,१७८,५८१** | **१,९४५,१५८,०८०** |
| शेयर संख्या | २,२४०,००० | २,८५०,६५० | १०,०१०,००० | १३,०५०,००० | १६,३१२,५०० | १६,३१२,५०० | १६,३१२,५०० |
| खुद नाफा/(नोक्सान) (रु.) | ४,०८६,८७५ | ६,६४२,९९७ | ६,९५८,१६१ | २१,९४०,७४२ | ५७,०८५,०७१ | १५७,०२०,२५० | २२१,९७९,४९९ |
| प्रति शेयर नेटवोर्थ (रु.) | ९८.७२ | १०१.३३ | १००.५९ | १०२.१३ | १०५.२१ | ११४.८३ | ११९.२४ |
| नेटवर्थमा प्रतिफल (%) | १.८५ | २.३० | ०.६९ | १.६५ | ३.३३ | ८.३८ | ११.४१ |
| प्रति शेयर आम्दानी (रु.) | २.०० | २.८३ | १.१७ | १.६८ | ३.५० | ९.६३ | १३.६१ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| निष्काशन पुर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल | | | | | | | १.११ |

- उल्लेखित नेटवर्थ प्रति शेयर सम्पत्ति पुर्नमूल्याकंन बाहेकको हो ।

### ख. विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : १.६१

## ग.१०. धितोपत्र निष्काशन सम्वन्धी विवरण :

### ग.१०.क.धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार जारी पूँजीको १% शेयर अयोजना प्रभावित क्षेत्रका बासिन्दालाई तथा जारी पूँजीको १९% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.३२,६२,५०,०००/- शेयर पूँजी उद्योग प्रभावित क्षेत्रका बासिन्दा, सर्वसाधारण नेपाली नागरिकहरु (श्रम स्विकृती प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई, कम्पनीका कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु.१,६३,१२,५०,०००/- पुर्याउन ।

२. सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउन ।

३. बैकबाट लिईएको कर्जा भुक्तानीको लागि रकम संकलन गर्न ।

४. नयाँ प्रोजेक्टमा गरेको लगानी रकम भुक्तानी गर्न ।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

**क. निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

संगठित संस्थाले धितोपत्र निष्काशनबाट प्राप्त रकम निम्न बैकहरुबाट लिएको कर्जा भुक्तानीको लागि प्रयोग गरिने छ :

| क्र.सं. | बैंकको नाम | कर्जा भुक्तानी रकम रु. |
|---|---|---|
| १. | नबिल बैंक लि. | १०,००,००,०००.०० |
| २. | ग्लोबल आइएमई बैंक लि. | २०,६२,५०,०००.०० |
| ३. | नयाँ प्रोजेक्टको भुक्तानी गर्ने बाँकी रकम | २,००,००,०००.०० |
| जम्मा | | ३२,६२,५०,०००.०० |

संगठित संस्थाले धितोपत्र निष्काशनबाट प्राप्त रकमलाई धितोपत्र बाँडफाँड भएको मिति पश्चात् त्रैमासिक रुपमा किस्ता बन्दी रुपमा बैकलाई निम्नानुसार कर्जा भुक्तानी गर्नेछ :

| अवधि | नबिल बैंक लि. | ग्लोबल आइएमई बैंक लि. | जम्मा रकम रु. |
|---|---|---|---|
| पहिलो त्रैमासिक किस्ता | २,५०,००,००० .०० | ५१,५६२,५००.०० | ७६,५६२,५००.०० |
| दोस्रो त्रैमासिक किस्ता | २,५०,००,०००.०० | ५१,५६२,५००.०० | ७६,५६२,५००.०० |
| तेस्रो त्रैमासिक किस्ता | २,५०,००,०००.०० | ५१,५६२,५००.०० | ७६,५६२,५००.०० |
| चौथो त्रैमासिक किस्ता | २,५०,००,०००.०० | ५१,५६२,५००.०० | ७६,५६२,५००.०० |
| जम्मा | **१०,००,००,०००.००** | **२०६,२५०,०००.००** | **३०६,२५०,०००.००** |

**नयाँ प्रोजेक्टको भुक्तानी गर्ने बाँकी रकम सम्बन्धी विवरण :**

| क्र.स | नाम | रकम रु. |
|---|---|---|
| १ | नेपकुल ई. प्रा. लि. | ७,८६८,६००.०० |
| २ | हाइड्रोफ्लक्स इन्जिनियरिङ प्रा. लि. | १४४,०००.०० |
| ३ | अरनिको एण्ड भिम कन्सट्रक्सन प्रा. लि. | ५,०५०,१३२.९९ |
| ४ | अन्य आपूर्तिकर्ता | ६,९३७,२६७.०१ |
| | जम्मा | २,००,००,०००.०० |

**ख. सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :**

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्रि हुने कम्पनीको धारणा रहेको छ ।

कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरीद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिने छ । सर्वसाधारणलाई थप गरी निष्काशन गरे पश्चात समेत पूर्ण रुपमा बिक्रि नभए देहायका धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर/धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) सँग भएको प्रत्याभूत सम्बन्धी सम्झौता अनुसार उक्त प्रत्याभूतकर्ताहरुलाई बिक्रि गरिनेछ ।

| क्र.सं. | नाम, ठेगाना | संख्या | प्रत्याभूति शूल्क रकम (रु.) |
|---|---|---|---|
| १. | सनलाइफ क्यापिटल लि., पुतलीसडक, काठमाण्डौं | ३२,६२,५०० | ६,५२,५००/- |

**ग. आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वियन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भईसकेको भए सो सम्बन्धी विवरण :**

क) उद्योग निर्माण सम्पन्न भई विगत वर्षहरु देखि चल्ला, कुखुरा तथा अण्डा र पशुपंक्षी र माछाको दाना/आहारा उत्पादन समेत शुरु भई बिक्री वितरण भईरहेको अवस्था रहेको छ ।

ख) मासु प्रशोधन तथा शीत भण्डार सम्बन्धि उद्योगको स्थापनाको लागि चरणवद्ध विवरण निम्न बमोजिम रहेको छ ।

| चरण | रकम रु.मा | समय |
|---|---|---|
| संचालन पूर्वको खर्च (भवन निर्माण तथा उपकरण खरीद प्रकृया) | २,००,००,०००.०० | अन्तिम चरणमा । |
| उपकरण आपूर्ति, जडान तथा परिक्षण काल | ६,००,००,०००.०० | जडान सम्पन, परिक्षण शुरु |
| उद्योग संचालन तथा उत्पादन | ७,००,००,०००.०० | परिक्षणकाल पश्चात् |

**घ. आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** लागु नहुने ।

**ङ. संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

संगठित संस्थाले खरिद गरेको उपकरणको विवरण निम्नानुसार रहेको :

| क्र.स. | आपुर्तिकर्ताको नाम | सामानको नाम | मुद्रा | रकम |
|---|---|---|---|---|
| १ | धोपेश्वर एण्ड सन्स | पोल्ट्री ड्रेसिङ्ग एण्ड रेण्डरिङ्ग मेसिनरी | नेरु | ८८,८८,७१५.०० |
| २ | हाइड्रो फ्लक्स इन्जिनियरिङ्ग प्रा. लि. | इटिपी मेसिनरी | नेरु | ९,००,०००.०० |
| ३ | नेपकुल इण्डष्ट्रिज प्रा. लि. | ब्लास्ट मेसिनरीहरु, शित भण्डारहरु, एण्ड रेफ्रिजिरेशनहरु | नेरु | ८,२३९,५००.०० |
| ४ | गौतम इन्जिनियरिङ प्रा. लि. | भवन र दूर्स | नेरु | ७,५००,०००.०० |
| ५ | अरनिको एण्ड भिम कन्सट्रक्सन प्रा. लि. | नयाँ प्रशोधन इकाईको निमार्ण | नेरु | २५,०००,०००.०० |
| ५ | ट्रान्सवेल्ड नेपाल प्रा.लि. | ट्रान्सफर्मर | नेरु | २,५००,०००.०० |
| ६ | एभियन तौल निगम | मेशिनरी सामान | नेरु | ३४८,५५६.०० |
| ७ | आयन ट्रेडर्स | प्यानल बोर्ड | नेरु | १,५००,०००.०० |
| ८ | लार्क इनजिनियरिङ कम्पनी इन्डिया लि. | मेसिनरी उपकरण | नेरु | ५,५००,०००.०० |
| ९ | बिभिन्न जग्गाधनीबाट | जग्गा (कुखुरा पालनको लागि) | नेरु | ६०,०००,०००.०० |
| जम्मा | | | नेरु | १२६,२५०,०००.०० |

**च. कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :**

सो नभएको ।

**छ. उत्पादन सम्बन्धी आयोजना भए, सोको प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

संगठित संस्थाले उत्पादन गर्ने वस्तु पशुपंक्षी तथा माछाको दाना, आहार हो । पशुपंक्षी तथा माछाको दाना, आहार उत्पादन गर्नको लागि प्रयोग हुने प्रमुख कच्चा पदार्थ हो । संगठित संस्थाले, श्रीकिसान इनोभेसन हवको माध्मयबाट किसानहरुको क्षमता अभिवृद्धि गर्नका लागि समय-समयमा तालिम प्रदान गर्नुका साथै, आफ्ना ग्राहकहरुलाई कृषि खेती, पशुपंक्षी पालन तथा व्यवसायसँग सम्बन्धित अन्य कार्य र प्राविधिक सहयोग उपलब्ध गराउँदै आइरहेको छ ।

१) दाना उत्पादन क्षमता ४५,५०० मे.ट. रहेको छ ।
२) चल्ला उत्पादन क्षमता ४४,४०,००० गोटा
३) कर्मसियल फार्मिङ्ग २६,००,००० गोटा
४) मासु प्रशोधन १८०० मे.ट

विगत तीन वर्षको उत्पादन सम्बन्धी विवरण :

| विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| दाना उत्पादन (मे.ट.) | १२,१३२ | १०,०५० | १५,०३५ |

| | | | |
|---|---|---|---|
| चल्ला उत्पादन (गोटा) | - | - | ७९८,८९७ |

आगामी तीन वर्षको प्रक्षेपित उत्पादन सम्बन्धी विवरण :

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ |
|---|---|---|---|
| दाना उत्पादन (मे.ट.) | २०,००० | २२,००१ | २४,००० |
| चल्ला उत्पादन (गोटा) | २,०८०,००० | २,०८०,००० | २,०८०,००० |
| मासु प्रशोधन (के.जी.) | - | ७४२,५०० | ७४२,५०० |
| कर्मसियल फार्मिङ्ग (गोटा) | २,०८०,००० | २,२८८,००० | २,६००,००० |

**ज. आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**

| सि.न. | कच्चा पदार्थ | श्रोत |
|---|---|---|
| १. | डि.ओ.आर.बी | भारत |
| २. | माछा तेल | भारत |
| ३. | नुन | नेपाल |
| ४. | डि.सि.पि | भारत |
| ५. | मोलासेस | नेपाल |
| ६. | भटमास तेल | भारत/नेपाल |
| ७. | तोरी पिना | भारत/नेपाल |
| ८. | गहुँ | नेपाल |
| ९. | डी. डी. जी. एस | भारत/नेपाल |
| १०. | ढुटो | भारत/नेपाल |
| ११. | खरीपिना | नेपाल |
| १२. | मार्वल ग्रिड | भारत |
| १३. | भटमास पिना | भारत |
| १४. | चामल कनिका | नेपाल |
| १५. | मार्वल धुलो | नेपाल |
| १६. | मकै | भारत/नेपाल |

**झ. आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :**

विद्युत - ३०० के.भी.ए (नेपाल विद्युत प्राधिकरण)

पानी - २५,००० लिटर प्रति दिन (बुटवल औद्योगिक क्षेत्र)

**ञ. सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टा छुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने :**

**(अ) निष्काशन तथा बिक्री प्रबन्धक –** रु.३,००,०००/- (अक्षरेपी तीन लाख रुपैंया मात्र)

**(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) –** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

**(ई) प्रत्याभूतिकर्ता शुल्क –** रु. ६,५२,५००/- (अक्षरेपी छ लाख बाउन्न हजार पाच सय रुपैंया मात्र)

**(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क –** वित्तिय प्रक्षेपण तथा शेयरको मूल्याङ्कन प्रमाणित गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु.५०,०००/- (अक्षरेपी पचास हजार रुपैंया मात्र) बुझाइने छ ।

(उ) लेखापरिक्षकको शुल्क – रु.३,००,०००/- (अक्षरेपी तीन लाख रुपैंया मात्र)

**(ऊ) अन्य -** सुचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु ।

## ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:

सो नभएको ।

## ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :

सो नभएको ।

## ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" (छैठौं संशोधन २०७९) मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँटफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. यस विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ । उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरी गरिने छ ।
५. शेयर धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गरिनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ ।
७. उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतीकर्ता बिच भएको प्रत्याभूत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरीद गर्नेछ ।
८. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी क्षएक मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र निष्काशन निर्देशिका तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ । उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खाता भएका शेयरधनीलाई सन्बन्धित खातामा जम्मा गरिनेछ र डिम्याट खाता नभएका शेयरधनीलाइ शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**

सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोबार हुने व्यवस्था मिलाइनेछ ।

## ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :

**१. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | प्रत्याभूतिकर्ताको नाम, ठेगाना | प्रत्याभूत शेयर संख्या | प्रत्याभूत गरिएको रकम रु. | प्रत्याभूति सेवा शूल्क रकम (रु.) |
|---|---|---|---|---|
| १. | सनलाइफ क्यापिटल लि., पुतलीसडक, काठमाण्डौं | ३२,६२,५०० | ३२,६२,५०,०००/- | ६,५२,५००/- |

**२. धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

क. निष्काशनकर्ता कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको ३२,६२,५०० कित्ता साधारण शेयर प्रति अंकित मूल्य रु.१००/- का दरले हुन आउने रकम रु.३२,६२,५०,०००/- (अक्षरेपी बत्तीस करोड बैसठ्ठी लाख पचास हजार रुपैंया मात्र) बराबरको साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" बमोजिम प्रत्याभूति गर्न प्रत्याभूतिकर्ता मञ्जुर गर्दछ ।

ख. प्रत्याभूतिकर्ताले दफा १ बमोजिम प्रत्याभूत गरिएको शेयर पूर्ण वा आंशिक रुपमा खरीद गर्नुपर्ने अवस्था आएमा सोही दफामा उल्लेखित प्रत्याभूत गरिएको शेयरको अनुपातमा खरीद गर्नुपर्ने शेयरको रकम कम्पनीले निष्काशित शेयर बाँडफाँड भएको २१ दिनभित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्नु पर्नेछ । त्यसैगरी, प्रत्याभूतिकर्ताले निष्काशनकर्ता कम्पनीलाई रकम भुक्तान गरेपछि निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्रि प्रबन्धक मार्फत सोही अनुसारको शेयर बाँडफाँड गरी सो शेयरहरु प्रत्याभूतिकर्ताले उपलब्ध गराएको हितग्राही खातामा यथाशक्य छिटो उपलब्ध गराउनु पर्नेछ ।

ग. माथि दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि निष्काशनकर्ता कम्पनीले यो सम्झौता सम्पन्न भएको मितिले ५ महिना भित्र निष्काशन कार्य सम्पन्न गरिसक्नु पर्नेछ । ५ महिना भित्र जारी हुन नसकेमा यसै सम्झौता बमोजिम थप १ (एक) महिनाका लागि कम्पनीलाई कुनै आर्थिक भार वहन गर्न नपर्ने गरी बढाईनेछ । थप गरिएको समयावधि भित्रमा अर्थात सर्वसाधारणहरुलाई जारी गरेको शेयर ५+१ (६) महिना भित्र पूर्ण रुपमा बिक्रि नभई बाँकी रहेमा बाँकी रहेको शेयरहरु प्रत्याभूतकर्ताले खरीद गर्नुपर्ने अवस्था आएमा खरीद गर्नुपर्ने शेयरहरुमा मात्र थप ३.८० प्रतिशतले हुन आउने थप शूल्क वापतको रकम प्रत्याभूतकर्तालाई निष्काशित शेयर सर्वसाधारणहरुमा बाँडफाँड भएको मितिले ७ कार्य दिनभित्रमा भुक्तानी गर्नुपर्नेछ । निष्काशनकर्ता कम्पनीले प्रत्याभूतिकर्ताहरुलाई थप प्रत्याभूति शुल्क प्रदान गरे पश्चात् मात्र प्रत्याभूतिकर्ताहरुले बाँकी रहेको शेयर खरिद गर्नेछ । निष्काशनकर्ता कम्पनीले माथि उल्लेखित प्रत्याभूति शुल्क वापतको रकम उक्त समय सीमा भित्र प्रदान नगरेमा प्रत्याभूतिकर्ताहरुले यस सम्झौता रद्ध गरी नियमनकारी निकायमा जानकारी गराउन सक्नेछ ।

घ. दुबै पक्षको आपसी सहमतिमा यस सम्झौतापत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौतापत्रको अभिन्न अङ्ग मानिनेछ ।

## ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

**क. धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरण(पत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तैः मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**ख. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय रुपन्देही जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ४ नेपाल वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको कार्यालय, वडा नं. १, नक्साल, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिँदा उद्योग प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्त साथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्त साथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर अंकित रु.१००/- का दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा उद्योग प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम १०,००० कित्ता, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा अधिकतम १०,००० कित्ता तथा अन्य सर्वसाधारण आवेदकहरु हकमा अधिकतम १०,००० कित्ता सम्म साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**ग. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :**

रुपन्देही जिल्ला र पाल्पा जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरण–पत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्यरुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ बर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै, दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह–दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. उद्योग प्रभावित क्षेत्रमा बसाईसराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाईसराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरीद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरीद गरेमा कर्मचारी, नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४. सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरुसमेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५. रु.५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६. यस विवरणपत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DEMAT Account/ BOID No.) भएका आवेदकहरुलाई निजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरीदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DEMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DEMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यस विवरण–पत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरीद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयर खरीदका लागि आवेदन दिने आवेदकले विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगारमा रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४. बाँडफाँडमा शेयर परेका बिदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

५. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागी निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ ।

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरीद गर्न चाहेको धितोपत्रको संख्या अंक र अक्षरमा ।

घ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही डिम्याट खाता नम्बर ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३ .धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ) सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/-(अक्षरेपी पाँच लाख रुपैयाँ) वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**सर्वसाधारणको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी ऋच्ल नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले ऋच्ल नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरीद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

ङ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर ।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२.धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३.सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

१५. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरीदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ । तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरीद गर्न सक्नेछ ।

१६. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण : निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :**

| क्र.स. | संचालकको नाम | कारोबार रकम (रु.) | | कारोबार प्रकृति |
|---|---|---|---|---|
| | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | |
| १. | श्री मौशुमी श्रेष्ठ | - | ७८,००,००० | संगठित संस्थामा संचालक पदमा कार्यरत |

**(ख) आधारभूत शेयरधनी :**

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :**

| क्र.स. | संचालकको नाम | कारोबार रकम (रु.) | | कारोबार प्रकृति |
|---|---|---|---|---|
| | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | |
| १. | श्री चिराग श्रेष्ठ (संगठित संस्थामा आधारभुत शेयरधनी तथा संचालक समिति तथा संगठित सस्थाका प्रबन्धक निर्देशक श्री सतिस चन्द श्रेष्ठ र संचालक समिति सदस्य मौशुमी श्रेष्ठका एकाघरको सदस्य) | १०,७०,००० | २४,००,००० | पारिश्रमिक भुक्तानी । |
| २. | श्री दिया श्रेष्ठ (संगठित संस्थामा आधारभुत शेयरधनी तथा संचालक समिति तथा संगठित सस्थाका प्रबन्धक निर्देशक श्री सतिस चन्द श्रेष्ठ र संचालक समिति सदस्य मौशुमी श्रेष्ठका एकाघरको सदस्य) | - | २४,००,००० | पारिश्रमिक भुक्तानी । |
| ३. | श्री मौशुमी श्रेष्ठ संचालक समिति सदस्य समेत रहेको (संगठित संस्थामा आधारभुत शेयरधनी तथा संचालक समिति तथा संगठित संस्थाका प्रबन्धक निर्देशक श्री सतिस चन्द श्रेष्ठको एकाघरको सदस्य) | - | ७८,००,००० | पारिश्रमिक भुक्तानी । |

**(घ) कम्पनीको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :**

| सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी | संगठित संस्थासँगको सम्बन्ध | कारोबार रकम (रु.) | | कारोबार प्रकृति |
|---|---|---|---|---|
| | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | |
| श्रीनगर एग्रो फार्म प्रा. लि. | सतिश चन्द श्रेष्ठ चन्द्र पंकज डेभलपर्स प्रा. लि. | (२९,३८,४७,२८६.६३) | - | नेट कारोबार |
| श्री एम एम क्याफे प्रा.लि. | श्री सतिस चन्द श्रेष्ठ र श्रीमती मौशुमी श्रेष्ठ लगानीकर्ता रहेको । | ३,००,००० | ४६,१०७ | नेट कारोबार |
| श्री श्रीनगर इन्टरनेसनल प्रा.लि. | श्री सतिस चन्द श्रेष्ठ लगानीकर्ता रहेको । | ३,५२,२२,८२६.२५ | २,१४,३५,१७० | खरिद |
| | | ४,०९,७६,१०८.७५ | ३,९३,४४,०७५ | बिक्री |
| | | ६,२३,९६,०९९,५० | २,९९,८३,६१६ | नेट कारोबार |
| श्री पाल्पा दरबार होटेल प्रा. लि. | श्रीमती मौशुमी श्रेष्ठ लगानीकर्ता रहेको | २९,७२८.०० | - | नेट कारोबार |

**(ङ) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विरवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :**
सो नभएको ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्वन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु** : सो नभएको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**
निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै, प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :**
सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**
हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण :

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

**१. लेखापरिक्षक**
कम्पनीको आ.व.२०८०/८१ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री पि.डि.एस एण्ड एसोसिएटस्का चार्टड एकाउण्टेन्टले गर्नुभएको छ ।

**२. प्रमुख बैंक**
यस निष्काशनको लागि प्रमुख बैंकको व्यव्स्था गरिएको छैन ।

**३. निष्काशन बैंक (Banker to the Issue)**

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.न. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाताको नाम | बैक खाता नं. |
|---|---|---|---|
| १. | श्री एनएमबी बैंक लिमिटेड, नक्साल शाखा | BTI-Nabil Investment Banking Limited-Shreenagar | ०७६००१९४६२३०००१३ |

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**४. वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री राजिव के.सी.एण्ड एसोसियट्सले प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :**

सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन् ।

**१. लेखापरिक्षक**

लेखा परिक्षक शुल्क आ.व. २०८१/८२ को लागि मू.अ.कर बाहेक रु ३,००,००० /- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) रहेको छ ।

**२. निष्काशन बैंक**

श्री एनएमबी बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ । आयोजना प्रभावित क्षेत्रका आवेदकहरुबाट संकलन केन्द्र मार्फत संकलन भएको एकमुष्ठ रकम निष्काशन बैंकमा जम्मा गरिनेछ ।

**३. वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ**

वित्तीय प्रक्षेपण तथा शेयरको मूल्याङ्कन प्रमाणित गरिदिने विशेषज्ञको सेवा शुल्क रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैया) रहेको छ ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेडको उद्योग संचालनका लागि ग्लोबल आइएमई बैंक लि. र नबिल बैंक लि. मार्फत वित्तीय स्रोतहरुको प्रयोग गरिएको छ । २०८१ चैत्र मसान्त सम्मको वित्तीय श्रोतको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | ग्लोबल आईएमई बैंक लि. | नबिल बैंक लि. | कुल रकम (रु.) |
|---|---|---|---|---|
| १. | नगद ओभरड्राफ्ट ऋण | ६९,९९९,५०८.०६ | ३०,०००,०००.०० | ९९,९९९,५०८.०६ |
| २. | एस.टि.एल/टि.आर ऋण | ७६,९६५,०००.०० | १३८,२०५,७१८.०० | २१५,१७०,७१८.०० |
| ३. | चालु पूँजीको लागि अद्यावधिक कर्जा | १६०,०००,०००.०० | १६०,०००,०००.०० | ३२०,०००,०००.०० |
| ४. | आवधिक कर्जा | ५१४,७४५,०००.०० | - | ५१४,७४५,०००.०० |
| ५. | एच.पी. ऋण | - | - | - |
| | जम्मा | ८२१,७०९,५०८.०६ | ३२८,२०५,७१८.०० | १,१४९,९१५,२२६.०६ |

ग्लोबल आइएमई बैंक लि. र नबिल बैंक लि. सँग भएको सम्झौताका मूख्य बुदाँहरु यस निम्नानुसार रहेको छ :

१) श्रीनगर एग्रिटेक इण्डष्ट्रिज लि. लाई नबिल बैंक लि. र ग्लोबल आई.एम.ई बैंक लि. ले १,३४,२०,००,०००/- (अक्षेरुपी एक अर्ब चौतिस करोड बीस लाख रुपैयाँ मात्र) बराबरको लगानी गर्ने ।

२) ऋण कर्जा सुविधाहरुको सुरक्षण स्वरुप घर/जग्गा कर्जामा सहभागी बैंक तथा वित्तिय संस्थाहरुको पक्षमा धितोबन्धक गरी ऋण कर्जा सुविधाहरु उपभोग गरिने ।

३) सामान मौज्दात धितोबन्धक हकाधिकार बैंकको पक्षमा धितोबन्धक दिने ।

